# समकालीन नेपाली कथामा वस्तुविन्यास


आबद्ध संस्था

बालकुमारी कलेज

अनुसन्धान व्यवस्थापन एकाइ

नारायणगढ, चितवन

प्रस्तोता

**विश्वराज लम्साल**

उप-प्राध्यापक

बालकुमारी कलेज

नेपाली विभाग

नारायणगढ, चितवन



असार, २०७७ /जुलाइ, २०२०

# प्रतिवद्धता-पत्र

प्रस्तुत समकालीन नेपाली कथामा वस्तुविन्यास शीर्षकको लघु अनुसन्धानकार्य म आफैँले लेखी तयार पारेको मेरो मौलिक कार्य हो । गहन अध्ययनबाट प्राप्त ज्ञानलाई उपायोग गर्दै यस अनुसन्धानका निर्देशक सहप्रा. दामोदर रिजालज्यूको सुझाव एवम् कुशल निर्देशनमा तयार पारेको यो लघु अनुसन्धान अनुसन्धान व्यवस्थापन एकाइ बालकुमारी कलेज, नारायणगढ, चितवन समक्ष मूल्याङ्कनका लागि पेश गरेको छु ।

प्रस्तोता
विश्वराज लम्साल
उप-प्राध्यापक

## अनुसन्धान निर्देशकको सिफारिस-पत्र

**'समकालीन नेपाली कथामा वस्तुविन्यास'** शीर्षकको यो लघु अनुसन्धानकार्य उपप्रा. विश्वराज लम्सालले मेरा निर्देशनमा पूर्ण लगाव र परिश्रमपूर्वक तयार पार्नुभएको हो । विषयगत गहनतालाई महत्त्व दिई तयार पारिएको यस लघुअनुसन्धानात्मक कार्यबाट म पूर्ण सन्तुष्ट छु र आवश्यक प्रक्रिया र मूल्याङ्कनका लागि बालकुमारी कलेज, अनुसन्धान व्यवस्थापन एकाइ समक्ष सिफारिस गर्दछु ।

दामोदर रिजाल

सहप्राध्यापक

निर्देशक

मितिः २०७७/०३/२५

जुलाइ २०२०

## स्वीकृति-पत्र

बालकुमारी कलेज, नारायणगढ, चितवनका नेपाली विभाग विभागीय प्रमुख उपप्रा.विश्वराज लम्सालले गहन अध्ययन अनुसन्धान गरी तयार पार्नु भएको 'समकालीन नेपाली कथामा वस्तुविन्यास' शीर्षकको लघुअनुसन्धानकार्य मौलिक र बालकुमारी कलेज, अनुसन्धान व्यवस्थापन एकाइको ढाँचाअनुरूप उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

१) जगदीश्वर खनाल (प्रिन्सिपल) - .................................

२) डा. गुणराज क्षेत्री

(अनुसन्धान व्यवस्थापन एकाइ प्रमुख तथा सहायक प्रिन्सिपल) - .................................

३) सहप्राध्यापक दामोदर रिजाल (लघु अनुसन्धान निर्देशक) - .................................

४) बालानाथ सिग्दल (सहायक प्रिन्सिपल) - .................................

५) डा. श्यामप्रसाद सेढाई ( IQAC, Head) - .................................

मितिः २०७७/०३/२८ /१२ जुलाई, २०२०

## कृतज्ञता ज्ञापन

प्रस्तुत समकालीन नेपाली कथामा वस्तुविन्यास शीर्षकको लघु अनुसन्धान कार्य अनुसन्धान व्यवस्थापन एकाइ बालकुमारी कलेज नारायणगढको शैक्षिक गुणस्तर सुधार कार्यक्रमअन्तर्गत यस कलेजमा प्राध्यापनरत प्राध्यापकहरूको प्राज्ञिक क्षमता अभिवृद्धि गर्नका निमित्त र प्राध्यापकहरूलाई अनुसन्धानतर्फ उन्मुख गराउने उद्देश्यअनुरूप प्रारम्भ गरिएको हो ।

यो अनुसन्धान कार्य निर्देशक आदरणीय गुरू सह-प्रा. श्री दामोदर रिजालको सुझाव एवम् कुशल निर्देशनमा सम्पन्न गरेको हुँ । लघु अनुसन्धानको लेखनका क्रममा आफ्नो व्यस्त र अमूल्य समय प्रदान गरेर कुशल निर्देशन दिनुहुने आदरणीय निर्देशकज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्छु ।

यसैगरी लघु अनुसन्धान कार्यका लागि उत्प्रेरित गर्नु हुने बालकुमारी कलेज अनुसन्धान व्यवस्थापन एकाइ प्रमुख तथा सहायक प्रिन्सिपल डा. गुणराज क्षेत्री तथा बालकुमारी कलेजका प्रिन्सिपल आदरणीय व्यक्तित्व श्री जगदीश्वर खनालप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

कलेजमा प्राध्यापनरत प्राध्यापकहरूको प्राज्ञिक दक्षता उन्नयन वा अभिवृद्धि गराउन चिन्तित तथा प्रतिबद्ध कलेज व्यवस्थापन समितिका अध्यक्षज्यू लगायत कलेज व्यवस्थापन समितिका सदस्यज्यूहरू, कलेजका सहायक प्रिन्सिपल श्री बालानाथ सिग्देलज्यूहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत लघु अनुसन्धान तयार पार्दा मलाई धेरै सहकर्मी मित्रहरूका सल्लाह, सुझाव र सहयोग प्राप्त भएका छन् । आफ्नो व्यस्त समयका बीचमा पनि अमुल्य सुझाब दिई सहयोग पुऱ्याउनु हुने शुभेच्छुकहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । आवश्यक सन्दर्भ सामग्री उपलब्ध गराउने बालकुमारी कलेज पुस्तकालयका कार्यरत कर्मचारी परिवार सहायक प्रशासक श्री चन्द्रकान्त पौडेल, नेपाली विभागका विभागीय सदस्य मित्रहरू कलेजमा कार्यरत सहकर्मी प्राध्यापक तथा कर्मचारीहरुले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनुभएको सहयोगप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस लघु अनुसन्धानकार्य लेखनका क्रममा आवश्यक वातावरण सिर्जना गरी सहयोग पुऱ्याउनुहुने सहधर्मिणी जमुना लम्साल, छोरी अस्मिता लम्साल (कोइराला) र छोरा डा. आशिष लम्सालप्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु । यसैगरी यस लघु अनुसन्धान

कार्यलाई यथाशक्य चाँडो र आफ्नो व्यस्त समयका बीचमा शुद्धसँग टङ्कन गरिदिनुहुने भाइ श्री कृष्णराज पौडेल (फोटो बैंङ्क) लाई धन्यवाद दिन्छु ।

अन्त्यमा प्रस्तुत समकालीन नेपाली कथामा वस्तुविन्यास शीर्षकको लघु अनुसन्धान कार्य बालकुमारी कलेज नारायणगढ, चितवन अनुसन्धान व्यवस्थापन एकाइ समक्ष प्रस्तुत गर्दछु ।

विश्वराज लम्साल
उप-प्राध्यापक
नेपाली विभाग

# विषय सूची

प्रतिवद्धता-पत्र

अनुसन्धान निर्देशकको सिफारिस-पत्र

स्वीकृति-पत्र

कृतज्ञता ज्ञापन

विषय सूची

**प्रथम परिच्छेद**

**अनुसन्धानको परिचय**

१.१ पृष्ठभूमि १

१.२ अनुसन्धानको प्रयोजन २

१.३ समस्या कथन २

१.४ अनुसन्धानको उद्देश्य २

१.५ अनुसन्धानको औचित्य र महत्त्व ३

१.६ अध्ययनको सीमाङ्कन ३

१.७ अनुसन्धान विधि ४

१.८ अनुसन्धान कार्यको रूपरेखा ४

**दोस्रो परिच्छेद**

**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक पर्याधार**

२.१ पूर्वकार्यको समीक्षा ६

२.२ सैद्धान्तिक पर्याधार ८

२.३ समकालीनताको परिभाषा ९

२.४ समकालीनता सम्बन्धी मान्यता १०

२.५ कथानकको आङ्गीक विकास १२

२.६ कथानकको प्रकार १३

२.६.१ व्याप्तीको आधार १३

२.६.२ कथानकको प्रयोगको आधार १३

२.६.३ घटना व्यवस्थित हुने र नहुने आधार १३
२.७ कथानकको ढाँचा १४
२.८ कथानकको आवश्यक उपकरण द्वन्द्व र क्रिया १४
२.९ कथाको स्रोत १४
२.१० निष्कर्ष १५

**तेस्रो परिच्छेद**

**सामग्रीसङ्कलन र अनुसन्धानप्रकिया**

३.१ अनुसन्धानप्रक्रिया १६
३.२ अनुसन्धानसामग्री १६
३.३ सामग्रीसङ्कलनमा पुस्तकालय विधि १७

**चौथो परिच्छेद**

**व्याख्या विश्लेषण**

४.१ समकालीन कथालेखनको पृष्ठभूमि १८
४.२ समकालीन नेपाली कथाको परिवेश र प्रवृत्ति १८
४.२.१ जनआन्दोलनपूर्व (२०३६-२०४६) १८
४.२.२ जनआन्दोलनपश्चात् १९
४.३ समसामयिक कथा धारा १९
४.३.१ समकालीन नेपाली कथाका प्रवृत्ति एवम् विशेषता १९
४.४ समकालीन कथाकार र तिनका कथाहरूको वस्तुविन्यास २१
४.५ निष्कर्ष ३९

**पाँचौं परिच्छेद**

**सारांश, निष्कर्ष र उपादेयता**

५.१ सारांश ४०
५.२ निष्कर्ष ४०
५.३ उपादेयता ४१
**सन्दर्भसूची**

## प्रथम परिच्छेद

# अनुसन्धानको परिचय

## १.१ पृष्ठभूमि

मानव सभ्यताको आरम्भ र विकाससँगै कथा सुन्ने र सुनाउने परम्परा चल्दै आएको हो । कथाको इतिहास धेरै र लामो छँदैछ, प्रारम्भदेखि अहिलेसम्म यो विधा उत्तिकै लोकप्रिय पनि छ । लेख्य भाषाको प्रादुर्भाव हुनुभन्दा पहिलादेखि हालसम्मको स्थिति हेर्दा कथाको परम्परा निरन्तर प्रवाहित हुँदै आइरहेको र यसैले श्रोता तथा पाठकको मनलाई प्रफुल्लित तुल्याइरहेको हामी पाउँछौँ । यसरी हेर्दा कथाको इतिहास लामो भए तापनि हामीले आधुनिक भन्ने गरेका कथाहरूको इतिहास भने त्यति लामो छैन । समाजसापेक्ष विधाका रुपमा विकसित हुँदै आएको कथाले प्रारम्भदेखि वर्तमानसम्म आइपुग्दा अनेक स्वरूप बदलेको छ । विषय र शैली वा उद्देश्यका दृष्टिले पनि यसमा एकरूपता पाइँदैन । यस क्रममा विभिन्न चरण एवम् आरोह-अबरोह पार गरेर नेपाली कथाले समयसापेक्ष समकालीन युगजीवनलाई प्रतिबिम्बित गर्न पुगेको छ ।

समकालीन नेपाली कथा भन्नाले वर्तमान समयका नेपाली कथा भन्ने बुझिन्छ । कथामा समकालीन चेतनाका लागि युगीन राजनीतिक, आर्थिक एवम् सामाजिक परिवर्तनको प्रभाव हुनुपर्दछ । यस्ता कथाहरू नै समकालीन कथा हुन्छन् । नेपालमा २०३६ सालको आन्दोलनबाट जनमत सङ्ग्रहको घोषणा, २०३७ सालको जनमत सङ्ग्रह एवम् २०४६ सालको आन्दोलनबाट प्राप्त प्रजातान्त्रिक वातावरण तथा राजनैनिक परिवर्तनले नेपाली जनजीवन र समाजलाई गहिरो ढङ्गले प्रभावित पाऱ्यो । यस्तो परिवेशबाट समकालीन नेपाली कथाकारहरूप्रति प्रभावित हुनु स्वाभाविकै थियो । समकालीन नेपाली कथाका सन्दर्भमा २०३६ सालयताका नेपाली कथा केही पृथक् पहिचानका साथ देखापरेका छन् । २०३६ सालको परिवर्तन एवम् २०६२/०६३ सालको लोकतान्त्रिक गणतन्त्रात्मक परिवर्तनसँगै राजनैतिक र सामाजिक क्षेत्रमा पनि केही परिवर्तन आएको देखिन्छ जसको फलस्वरूप नेपाली कथालेखनमा पनि नयाँ प्रवृत्तिको अन्तर्विकास भएको पाइन्छ । खास गरेर यस अवधिका कथामा अन्तर्वस्तु र शैलीमा समेत नवीनता देखिएको छ । यस समयका कथामा स्वतन्त्रताको चाहना, व्यङ्ग्यात्मकता, विकृति, विसङ्गति, अन्याय, अत्याचार, शोषण, दमन र निरङ्कुशताको विरोध एवम् आशावादी दृष्टिकोणको प्रस्तुति भएको पाइन्छ । २०४६ साल यताका कथाहरूमा

नेताहरूको स्वार्थी चरित्र र सत्तामोह, भौतिक तथा मानसिक पीडा, प्रजातन्त्रको आगमनसँगै समाजमा देखापरेको विसङ्गति, विकृति, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन र जीवन सङ्घर्षजस्ता कुरालाई अन्तर्वस्तु बनाएर कथा लेखेका छन् । पछिल्लो समयमा युगीन परिवर्तित परिवेशलाई आधार बनाएर प्रशस्त कथाहरू लेखिएका छन् । यसरी लेखिएका कथाहरूको वस्तुविन्यास पक्षको अध्ययन, विश्लेषण हुन सकेको छैन् त्यसैले प्रस्तुत लघु अनुसन्धानबाट समकालीन नेपाली कथामा पछिल्ला प्रवृत्तिको धार एवम् वस्तुविन्यासका सम्बन्धमा जानकारी लिन सहयोग हुने अपेक्षा गरिएको छ ।

## १.२ अनुसन्धानको प्रयोजन

अनुसन्धान व्यवस्थापन एकाइ बालकुमारी कलेज नारायणगढ, चितवनको शैक्षिक गुणस्तर सुधार कार्यक्रमअन्तर्गत यस कलेजमा प्राध्यापनरत प्राध्यापकहरूको प्राज्ञिक दक्षता अभिवृद्धि र प्राध्यापकहरूलाई अनुसन्धानतर्फ उन्मुख गराउने उद्देश्यअनुरूप सञ्चालित लघु अनुसन्धान परियोजनाको परिपूर्तिकालागि यो लघु अनुसन्धान प्रस्तुत गरिएको हो ।

## १.३ समस्या कथन

समकालीन नेपाली कथामा केन्द्रित रही ती कथाहरूको वस्तुविन्यासको विश्लेषण गर्नु नै प्रस्तुत अनुसन्धानको मूल समस्या हो । यस अनुसन्धानसँग आबद्ध अन्य समस्याहरू निम्नलिखित रहेका छन् :

क) नेपाली कथाको समकालीन स्वरुप कस्तो हुन्छ ?

ख) नेपाली कथामा समकालीनताको निर्धारण कसरी गरिन्छ ?

ग) समकालीन नेपाली कथामा वस्तुविन्यास कसरी गरिएको छ ?

यिनै समस्याहरूलाई यथासम्भव निराकरण गरी अध्ययन विश्लेषण गरिएको छ ।

## १.४ अनुसन्धानको उद्देश्य

समस्या कथनका समस्यामा आएका प्रश्नहरू र तत्सम्बन्धी अन्य प्रश्नहरूको समाधान पत्ता लगाउनु नै प्रस्तुत अनुसन्धानको मूल उद्देश्य हो । २०४० को दशकयता २०४६ सालको ठूलो राजनैतिक परिवर्तन, २०५२/०५३ को सशस्त्रविद्रोह र २०६२/०६३ सालको लोकतान्त्रिक, गणतान्त्रिक आन्दोलनले पनि समकालीन नेपाली कथाको पछिल्लो चरणलाई

प्रभावित पारेको छ । यस चरणमा विसङ्गति, विकृति, अन्याय, अत्याचार, शोषण, दमन उत्पीडन, व्यङ्ग्य, विद्रोह, छुवाछुत, जातिभेद, महङ्गी, भ्रष्टाचार आदि दुरावस्थाका प्रभावमा लेखिएका कथाहरूमा वस्तुविन्यास के कसरी गरिएको छ भन्ने पत्ता लगाउनु नै प्रस्तुत लघुअनुसन्धानको मुख्य उद्देश्य हो जसलाई निम्नलिखित बुँदाहरूमा देखाइएको छ :

क) नेपाली कथाको समकालीन स्वरूप पहिल्याउनु,

ख) नेपाली कथामा समकालीनताको निर्धारण गर्नु,

ग) समकालीन नेपाली कथाको वस्तु विन्यासको विश्लेषण गर्नु,

यिनै तथ्यहरूको विश्लेषण गर्नु नै यस लघु अनुसन्धानको उद्देश्य हो ।

## १.५ अनुसन्धानको औचित्य र महत्त्व

समकालीन नेपाली कथाका सम्बन्धमा छिटफुटरूपमा केही फुटकर समीक्षा समालोचनाहरू भए पनि समकालीन नेपाली कथाको वस्तुविन्यास पक्षमा नै केन्द्रित भएर अहिलेसम्म अनुसन्धानहरू भएका छैनन् र कुनै लेख पनि लेखिएका छैनन् । समकालीन कथा भनेका सबैभन्दा पछिल्लो समयका कथा भएकाले पनि यसको वस्तुविन्यासको गहिराइमा पुगेर यस सम्बन्धमा कसैले कलम चलाएको छैन । नेपाली कथाको सबैभन्दा पछिल्लो प्रवृत्तिलाई अभिव्यक्त गर्ने कथा समकालीन कथा भएकाले ती कथाको वस्तुविन्यास पक्षको अध्ययन अनुसन्धान हुनु आवश्यक छ । यस्तो अध्ययन विश्लेषणबाट प्राज्ञिक क्षेत्रमा महत्त्वपूर्ण कार्य हुने देखिन्छ अतः प्रस्तुत अनुसन्धान औचित्यपूर्ण र महत्त्वपूर्ण देखिन्छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत अनुसन्धान समकालीन नेपाली कथामा वस्तुविन्यास शीर्षकमा केन्द्रित रहेको छ । यसप्रकारको अनुसन्धानका लागि २०४० को दशकपछि २०४६ सालको राजनैतिक परिवर्तन २०५२/०५३ सशस्त्र विद्रोह २०६२/०६३ को लोकतान्त्रिक, गणतान्त्रिक आन्दोलनले पनि नेपाली कथाको पछिल्लो चरणलाई प्रभावित पारेका छन् । यस समयका कथाहरूमा अन्याय, अत्याचार, विकृति, विसङ्गति, शोषण, दमन, उत्पीडन, सामाजिक, आर्थिक साास्कृतिक आदि क्षेत्रमा देखिएका विषमता, ह्रास हुादै गएको मानवीय मूल्य मान्यताप्रति व्यङ्ग्य र विद्रोहको भावनालाई विषयवस्तु बनाइएको छ र यस अनुसन्धानमा कथाहरू छनोट गरिएको छ साथै शोषण, दमनका बीचको सङ्घर्षपूर्ण जीवनका व्यथा र भोगाइलाई कुनै न कुनै किसिमले प्रस्तुत गरिएका कथालाई मात्र चयन गरी ती कथाको वस्तुविन्यास सम्बन्धी

अध्ययन गरिएको छ । यस किसिमको अनुसन्धानका लागि समकालीन प्रतिनिधि कथाकारहरूका एक एक उत्कृष्ट कथामात्र चयन गरिएको छ र सो चयन अनुसन्धान कर्ताको स्वैच्छिक चयन हुन पुगेको छ । यसरी कथा चयन गर्दा सकेसम्म नेपाली कथाका क्षेत्रमा स्थापित भइसकेका, आफ्नो प्रवृत्ति बनाइसकेका, न्यूनतम रूपमा पनि एउटा कथासङ्ग्रह वा कृति प्रकाशित गरिसकेका र कथालेखनका क्षेत्रमा आफ्नो पहिचान बनाएका कथाकारहरूलाई मात्र लिइएको छ । विश्लेषण गरिने यस्ता कथाकार र कथाहरूको सङ्ख्या १५ वटा रहेको छ ।

## १.७ अनुसन्धान विधि

प्रस्तुत अनुसन्धानका क्रममा अनुसन्धेय विषयवस्तुसँग सम्बन्धित सामग्रीहरूको सङ्कलन गरी मूलतः पुस्तकालय विधिलाई नै अवलम्बन गरी अध्ययन गरिएको छ । विश्लेषणका क्रममा आगमनात्मक, विश्लेषणात्मक, व्याख्यात्मक र तुलनात्मक विधिहरूको पनि आवश्यकताअनुसार उपयोग गरिएको छ ।

## १.८ अनुसन्धान कार्यको रूपरेखा

प्रस्तुत अनुसन्धानलाई सुसङ्गठित र सुव्यवस्थित बनाउनका लागि समान्यतया निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ । प्रस्तुत अनुसन्धानको सामान्य रूपरेखा यस प्रकार रहेको छ :

१) **पहिलो परिच्छेद :** अनुसन्धानको परिचय शीर्षक अन्तर्गत- पृष्ठभूमि, अनुसन्धानको प्रयोजन, समस्याकथन, अनुसन्धानको उद्देश्य, अनुसन्धानको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन, अनुसन्धान विधि, अनुसन्धान कार्यका रूपरेखा आदि रहेका छन् ।

२) **दोस्रो परिच्छेद :** पूर्वकार्यको समीक्षा र सैद्धान्तिक पर्याधार शीर्षक अन्तर्गत- पूर्वकार्यको समीक्षा, सैद्धान्तिक पर्याधार, समकालीनताको परिभाषा, समकालीनता सम्बन्धी मान्यता, कथानकको आङ्गीक विकास, कथानकको प्रकार, कथानकको ढाँचा, कथानकको स्रोत आदि रहेका छन् ।

३) **तेस्रो परिच्छेद :** सामग्रीसङ्कलन र अनुसन्धानप्रक्रिया शीर्षक अन्तर्गत- अनुसन्धान प्रक्रिया, अनुसन्धानसामग्री, सामग्रीसङ्कलनमा पुस्तकालय विधि आदि रहेका छन् ।

४) **चौथो परिच्छेद :** व्याख्या-विश्लेषण शीर्षक अन्तर्गत- समकालीन कथालेखनको पृष्ठभूमि, समकालीन नेपाली कथाको परिवेश र प्रवृत्ति, समसामयिक धारा र यस्ता धाराका प्रवृत्ति एवम् विशेषत, समकालीन कथाकार र तिनका कथाहरूको वस्तुविन्यास आदि रहेका छन् ।

५) **पाँचौ परिच्छेद :** सारांश, निष्कर्ष र उपादेयता शीर्षक अन्तर्गत- सारांश, निष्कर्ष र उपादेयता, रहेका छन् ।

अन्त्यमा यस अनुसन्धानमा प्रयोग गरिएका मुख्य, सहायक र सन्दर्भ पुस्तक-पुस्तिका, अनुसन्धानात्मक लेखहरूलाई सन्दर्भसूची अन्तर्गत प्रस्तुत गरेर यस अनुसन्धानलाई साङ्गोपाङ्ग रूपमा प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक पर्याधार

## २.१ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा अद्वितीय स्थान ओगट्न सफल कथाविधाको साहित्यक जगत्मा आफ्नै विशिष्ट पहिचान र महत्त्व छ । विभिन्न समयमा लिखित एवं प्रकाशित विविध कथाहरूको समीक्षा अध्ययन र विश्लेषण भए तापनि त्यस्ता अध्ययन र विश्लेषण सामान्य चारित्रिक विश्लेषण र कृतिपरक अध्ययनमा मात्र सीमित देखिन्छन् । यस सन्दर्भमा कथा विधाको अध्ययन-अध्यापनमा देखापर्ने समस्या एवम् तिनका मोड र चरणहरू, मूलभूत प्रवृत्तिगत विशेषता आदिको अध्ययनले विभिन्न चरणका कथाहरूको वस्तुविन्यासगत स्वरूपको अध्ययनमा सहयोग पुऱ्याउँछ भन्ने उद्देश्यले प्रस्तुत अनुसन्धान कार्य गरिएको हो । विशेष गरी समकालीनधाराको मूलभूत प्रवृत्तिको अध्ययनमा संलग्न व्यक्तिहरूको विषयगत क्षेत्रको दक्षता र क्षमता अभिवृद्धिमा समेत यस अध्ययनले सहयोग पुऱ्याउने विश्वास लिइएको छ ।

कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्दा त्यस अघि भएका सम्बन्धित विषय क्षेत्रका पूर्वज्ञानहरूले दिएको सुझाव र निष्कर्षबाट पनि आधार निर्माण गर्न सकिन्छ साथै यस क्षेत्रका जल्दा बल्दा समस्या के-के रहेछन् भन्ने पनि ज्ञानार्जन गर्न सकिन्छ । उक्त ज्ञानबाट नवीन तथ्य पत्ता लगाउन पनि सकिन्छ । नेपाली कथाको विकासक्रमलाई हेर्दा विशेष गरी पछिल्लो चरणमा समकालीनतामै केन्द्रित भएर कथाहरू लेखिएका र त्यस्तो कथाहरूको वस्तुविन्यासका सम्बन्धमा हालसम्म कुनै समीक्षा, समालोचना वा अनुसन्धान नभएकाले पनि प्रस्तुत अनुसन्धान अपेक्षित देखिन्छ । यस शीर्षकसँग सम्बन्धित पूर्वकार्यको समीक्षात्मक विवरण यस प्रकार छ -

सुवेदी राजेन्द्रद्वारा **समकालीन-४५, नेपाली कथा समालोचना विशेषाङ्क-१** मा समकालीन कथा प्रवृत्ति र प्रगतिवादी कथाको प्राप्ति नामक आलेखमा समीक्षकले समकालीन युगजीवनका विसङ्गति, विकृतिप्रति व्यङ्ग्य गरेका छन् । नेपाली प्रगतिवादी कथाको चर्चा गर्ने सन्दर्भमा प्रगतिवादी प्रतिनिधि कथाहरू र कथाकारहरू तिनका प्रवृत्तिहरू एवं प्रगतिवादी कथाका प्राप्तिका विषयमा मात्रै सामान्य रूपमा उल्लेख गरेका छन् । यस लेखको अध्ययनबाट प्रस्तुत अनुसन्धान कार्यमा विषयगत विश्लेषणका लागि सैद्धान्तिक सहयोग पुगेको छ ।

गौतम देवीप्रसादद्वारा **समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू** प्र.ले.स.द्वारा २०५७ मा आयोजित कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्रमा समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिलाई सटीक भाषाको प्रयोग गरी प्रकाश पार्ने भएको छ । समकालीन युगीन जीवनमा देखापरेको आर्थिक, सामाजिक राजनैतिक आदि विविध कमजोरीमाथि व्यङ्ग्य प्रहार गर्नुका साथै समकालीन नेपाली कथाका प्रगतिवादी प्रवृत्तिहरूका बारेमा मात्रै गरिएको यस कार्यपत्रको अध्ययनबाट पनि प्रस्तुत अनुसन्धान कार्यमा अन्तर्वस्तु वा वस्तुविधानको विश्लेषणमा सहयोग पुगेको छ ।

भट्टराई डा. गोविन्दराजद्वारा **समकालीन साहित्य-४५, नेपाली कथा समालोचना विशेषाङ्क-१** मा उत्तर आधुनिकतावादको सन्दर्भमा नेपाली आख्यान नामक आलेखमा उत्तर आधुनिकतावादी नेपाली कथाको बहुलवादी प्रवृत्तिमाथि चर्चा गरेका छन् । यथार्थताको धरातलमा टेकेर उत्तर आधुनिकतावादी कथाको विश्लेषण गरेका छन् । उत्तर आधुनिकतावादी कथाको सम्बन्धमा विश्लेषणात्मक ढङ्गबाट चर्चा गरिएको प्रस्तुत आलेखबाट पनि यस अनुसन्धानका लागि सामान्य सहयोग पुगेको छ ।

लामिछाने डा. यादव प्रकाशद्वारा **नेपाली कथा-उपन्यास सिद्धान्त र समीक्षा** नामक पुस्तकमा नेपाली कथाको प्रगतिवादी धारा, प्रगतिवादी धाराको मूलभूत प्रवृत्ति तथा विशेषताहरूका बारेमा उल्लेख गरिएको छ । यसै गरी समकालीन कथाकारहरू र तिनका प्रतिनिधि कथाकारहरूका सम्बन्धमा मात्रै चर्चा गरिएको पाइन्छ । उक्त पुस्तकको अध्ययनबाट प्रस्तुत अनुसन्धानको सैद्धान्तिक पक्षको लागि सहयोग पुगेको छ ।

गौतम डा. लक्ष्मण प्रसाद र अधिकारी ज्ञानुद्वारा लिखित **नेपाली कथाको इतिहास** नामक पुस्तकमा कथाको सैद्धान्तिक स्वरुप कथाको विकास प्रकृया धारा, कथाकार र प्रवृत्तिलाई विश्लेषणात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ । यस कृतिले पनि प्रगतिवादी कथाको वस्तुविन्यास पक्षमा ध्यान दिएको देखिदैन तथापि यस कृतिको अध्ययनबाट प्रस्तुत अनुसन्धानमा महत्त्वपूर्ण सहयोग मिलेको छ ।

एटम नेत्रद्वारा **समकालीन साहित्य नेपाली कथा समालोचना विशेषाङ्क-१** मा, नेपाली कथा : परिवेश र प्रवृत्ति नामक आलेखमा समालोचकले समकालीन कथा लेखन, समकालीन

कथाको परिवेश, स्वतन्त्रता चाहनाको प्रकटीकरण, विकृतिप्रति व्यङ्ग्य, ध्रुवीयता आदि सन्दर्भ प्रस्तुत गरेका छन् । यस लेखको अध्ययनबाट प्रस्तुत अनुसन्धानका लागि सहयोग पुगेको छ ।

## २.२ सैद्धान्तिक पर्याधार

आधुनिक नेपाली कथा साहित्यमा समकालीन धारा प्रमुख धाराका रूपमा रहेको देखिन्छ । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी जीवनदृष्टिबाट सामाजिक संरचना र मानवीय सम्बन्धलाई सूक्ष्मरूपबाट नियाल्ने काम समकालीन धारामा भएको छ । समकालीन कथाकारहरूले आफ्ना कथामा अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन, विकृति, विसङ्गतिप्रति आक्रोश व्यक्त गर्दै विद्रोह र परिवर्तनका स्वरहरू व्यक्त गरेका छन् । समकालीन नेपाली कथाको विकास प्रक्रिया हेर्दा यसको संस्थापनदेखि लिएर यसको सम्बर्द्धन र विकासमा विभिन्न संघसंस्था तथा पत्रिका र पुस्तक प्रकाशनले महत्त्वपूर्ण टेवा पुऱ्याएको पाइन्छ ।

समकालीन कथामा सामाजिक आर्थिक एवं वर्गीयद्वन्द्वलाई मुख्य विषय बनाइन्छ । समाजका विद्यमान आर्थिक विभेद एवं विषमताका कारण जनताहरूले दुःख, कष्ट पाइरहेका छन् । शोषक तथा सामन्तवर्गले अन्याय, अत्यचार, शोषण, दमन गरिराखेकै छन् । यस्तै सामाजिक आर्थिक विसङ्गति, विकृतिलाई यस्ता कथाहरूमा प्रस्तुत गरिएको हुन्छ । यस्ता कथाहरू विद्रोही एवं क्रान्तिधर्मी हुन्छन् । यस्ता कथामा जहिले पनि दुःखी, गरीब र उत्पीडित वर्गप्रति सद्भाव एवम् सहानुभूति दर्शाइएको हुन्छ । प्रगतिवादी कथा मार्क्सवादी विचारबाट प्रभावित हुन्छन् । यस्ता कथाले सामाजिक यथार्थताको प्रस्तुति गर्ने भएकाले सामाजिक यथार्थवादी कथा पनि भनिन्छ ।

वि.स. २०४० को दशक पछि नयाँ पुस्ताका प्रतिभाशाली कथाकारहरूका साथै स्थापित नवचेतनावादी कथाकारहरूको एउटा ठूलो जमातले नेपाली कथालाई विश्व सन्दर्भसँग जोड्ने र त्यसमा आफ्नो राष्ट्रिय अस्तित्वलाई कायम राखी छुट्टै पहिचान पनि खोज्ने प्रयत्न गरे । त्यसैले एकातर्फ स्वैरकल्पना र विसङ्गतिवादको व्यापक चाहानामा कथाकारहरू सक्रिय रहेभने अर्को तर्फ राष्ट्रिय संस्कृति तर्फको मोहलाई पनि दर्शाए । बिशेष गरी यिनै समकालीन सन्दर्भहरूलाई समाहित गरेर आधुनिक कथाको क्षेत्र र आयामलाई अगाडि बढाउने काम गरे । समाकालीन नेपाली कथाकारहरूले आफ्नो ध्यानलाई केन्द्रित गरेको सबैभन्दा ठूलो र

उर्वर क्षेत्र भनेको मानव जीवन, यसका अन्तबाह्य सम्बन्ध सूत्र एवम् सीमाहरूको बिश्लेषण हो। मानिसको समूहभित्रबाट आएको गरीबीको रोदन झुपडी भित्रबाट मुखरित भएको त्रासदीय नाटकका शब्दहरू, सडक र गल्लीका भोकले व्याकुल भएका मानिसहरूको खोक्रो पेटबाट गुञ्जेको विद्रोहको गीत आदिमा तिनीहरूले आफ्ना कथाको विषय पाएका छन्। समाकालीन नेपाली कथा रूग्ण मानिस र सामाजिक व्यस्थाप्रति व्यङ्ग्य हो। व्यङ्ग्यमा विद्रोह र विद्रोहमा विसङ्गति कथाकारहरूको मूल कथ्य भएको हुँदा कथाको सैद्धान्तिक ढाँचा भने नवचेतनवादी धाराकै कायम रहन गएको पाइन्छ।

## २.३ समकालीनताको परिभाषा

समकालीनताको परिभाषासँग समय र प्रवृत्ति दुवै पक्ष जोडिन आउँछन्। समकालीनता समय र प्रवृत्ति दुवैको द्योतक हो। समसामयिकताभित्र विगतको लामो इतिहास समेटिदैन र भविष्यको व्यापकतालाई पनि यसले समेट्न सक्दैन। त्यसैले समकालीनता वर्तमान कालसँग सम्बद्ध हुन्छ । समकालीनताले वर्तमानको पनि पछिल्लो समयलाई बोध गराउँछ। जहाँ वर्तमानसँग सम्बन्धित अहिलेको जीवनमा व्याप्त मूल्य मान्यतासँगको आबद्धता र त्यसबाट प्रकट हुने लक्षण समकालीनता हो।

समकालीनता शब्दलाई परिभाषित गर्ने प्रयास विभिन्न विद्वानहरूबाट भएको देखिन्छ। विशेष गरी समसामयिकताको सैद्धान्तिक एवम् साहित्यिक चर्चा पूर्वमा भन्दा पश्चिममानै ज्यादा भएको देखिन्छ। त्यसैले यहाँ प्रमुख पश्चिमी र केही नेपाली विद्वानका समकालीननता बारे गरिएका परिभाषाहरू प्रस्तुत गरिएको छ।

- M. Pattison का अनुसार - समकालीन घटना र गतिविधिसँग परिचित हुनु नै समकालीनता हो।
- Max Muller का अनुसार - समसामायिक व्यक्ति, वस्तु र तत्त्वसँगको स्थिति नै समसामयिकता हो।
- Johan Sinclair का अनुसार - कुनै काम, घटना वा परिस्थिति एकैपटक हुनु र भर्खर प्रतिपादित सिद्धान्तले तत्काल प्रभाव पार्नु समकालीनता हो।
- Philip Wylie का अनुसार - कुनै पनि घटना र गतिविधिहरू वर्तमान समयमा हुन जानु र भइरहने स्थितिलाई समकालीनता भनिन्छ।

- मोहनराज शर्माका अनुसार - सिर्जनात्मक वा समीक्षात्मक रचनामा चालु वर्तमानसँग सम्बद्ध आज र अहिलेका अभिलक्षणहरूको उपस्थिति समकालीनता हो ।
- खग्रेन्द्र प्रसाद लुइटेलका अनुसार - सन्दर्भ र प्रसङ्ग अनुसार समकालीन शब्दको प्रयोग अहिलेको उहिलेको र एकै समयको भन्ने अर्थमा गरिए पनि खासमा यसले अहिलेको समय वा वर्तमानलाई बुझाउँछ ।

समकालीनता सम्बन्धी उल्लेखित विभिन्न विद्वानहरूको परिभाषाका आधारमा समग्रमा समकालीनतालाई यसरी परिभाषित गर्न सकिन्छ ।

वर्तमानको परिवर्तित अवस्थालाई समेट्ने, आज वा अहिलेको युगबोध घटना वा जीवनका अभिलक्षण र बिशेषतालाई समेट्नु नै समसामयिकता हो । साहित्यका सन्दर्भमा यसले सृजनजगतमा देखापरेका नविन मूल्य मायन्तालाई बुझाउने गर्दछ ।

समसामयिकतालाई बुझाउन निम्न बुँदा अझ सहयोगी देखिन्छन् ।

क) समसामयिकता वर्तमानको पछिल्लो समयसँग सम्बन्धित हुन्छ साथै यसमा समयको सीमितता रहन्छ ।

ख) समसामयिकता अस्थिर र परिवर्तनशील हुन्छ ।

ग) समकालीनता वर्तमान जीवनका प्रवृत्तिले युक्त हुन्छ ।

घ) समकालीनता समय र प्रवृत्ति दुबै हो । यस अतिरिक्त समकालीनतामा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, शैक्षिक, अर्थ, दर्शन आदिको पनि प्रभाव परेको देख्न सकिन्छ ।

## २.४ समकालीनता सम्बन्धी मान्यता

समकालीन शब्द विभिन्न विषय क्षेत्रमा प्रयोग भएर व्याख्या विश्लेषण हुँदै आएको पाइन्छ । पश्चिमी मुलुकमा कला, साहित्य, संस्कृति, वास्तुकला, सङ्गीत आदि विविध क्षेत्रमा समकालीन शब्दको प्रयोग भएको पाइन्छ । समकालीनतालाई पाश्चात्य जगतमा साहित्यका क्षेत्रमा परिवर्तित समयको एउटा अभियानका रूपमा पनि यसलाई मानिन्छ ।

समकालीनता सम्बन्धी केही विद्वानहरूका मान्यतालाई यसप्रकार प्रस्तुत गरिन्छ ।

- **Catherine Soanes** ले समकालीनता सम्बन्धी निम्न मान्यता प्रस्तुत गरेका छन् ।

**क**) समसामयिकतामा एकै समयको वा उही समयमा भइरहेको कुरा हुन्छ ।

**ख**) समकालीनताको तत्काल घटित घटनासँग सम्बन्ध हुन्छ ।

**ग**) समकालीनताले नयाँ निमार्ण गरेको शैलीलाई अवलम्वन गर्छ ।

**घ**) समसामयिकताले एकै समयका व्यक्ति र वस्तुलाई सङ्केत गर्छ ।

- **Philip Wilie** को समकालीनता सम्बन्धी मान्यता यस्तो छ ।

**क**) समसामयिकतामा केही कुरा भइरहन्छ ।

**ख**) समसामयिकता अस्थिर हुन्छ र कहिलेकाँही यो वर्ष, दशक र शताब्दीसम्म पनि तन्किन सक्छ ।

- **Max Muller** ले समकालीनताका आधारभूत मान्यता भनेर निम्न कुरा उल्लेख गरेका छन् ।

**क**) समसामयिकता समसामयिक विद्वानहरूबाट समर्पित हुन्छ ।

**ख**) समकालीनताको समकालीन अस्तित्व हुन्छ ।

**ग**) समकालीनता युग सुहाउँदो हुन्छ ।

**घ**) समसामयिकता समकालीन व्यक्ति, वस्तु र तत्त्वसँग सम्बद्ध हुन्छ ।

**ङ**) समसामयिकता समकालीन अवस्था वा स्थिति हो ।

- मोहनराज शर्माले समकालीनता सम्बन्धी विशेष पक्ष भनेर आफ्ना मान्यता प्रस्तुत गरेका छन् ।

क) समकालीनताको सम्बन्ध समयको वर्तमान खण्डसँग छ भूत खण्डसँग छैन ।

ख) समयलाई परिवर्तनशील मानिन्छ । त्यसैले भूत भन्दा वर्तमान परिवर्तित हुन्छ र समकालीनताको आवद्धता वर्तमान वा अहिलेको वर्तमानसँग हुन्छ ।

समकालीनता समयको त्रिकालिक अवधारणाअनुसार वर्तमानकालसँग सम्बन्धित हुन्छ । मूलतः वर्तमानको गतिशील समयसँग सम्बद्ध हुनु नै यसको मूल मान्यता हो । परिवर्तनशील युगबोधलाई समसामयिकताले समेट्नु पर्दछ । समयको परिवर्तनका प्रतिच्छाया समकालीनतामा देख्न सकिन्छ । समयको परिवर्तनशीलतासँगै नवीन प्रवृत्ति आगमन हुनु नै समकालीनता हो । समकालीनता परिवर्तित समय र यससँग सम्बद्ध अभिलक्षण हो । समकालीन जीवनको युग सन्दर्भ हो ।

## २.५ कथानकको आङ्गीक विकास

कथानकको विस्तार वा आङ्गीक विकासको तात्पर्य आदि, मध्य र अन्त्यद्वारा समृद्ध हुनु हो । पूर्वीय साहित्यशास्त्रमा प्रारम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम गरेर नाटकका सन्दर्भमा कथावस्तुको पाँच कार्यव्यवस्था हुने बताइएको छ । एरिस्टोटलले दुःखान्तको चर्चा गर्दा कथानकलाई महत्त्वपूर्ण तत्त्व स्वीकारेका छन् र उनका विचारमा कथानक दुखान्त को आत्मा हो । एरिस्टोटलले कथानकलाइ घटनाहरूको व्यवस्थापनकै रुपमा स्वीकारेको पाइन्छ भने आदि, मध्य र अन्त्यले युक्त हुनुपर्ने पनि बताइएको पाइन्छ । कथानकको विकासको अध्ययनका क्रममा जर्मनेली समालोचक गुस्ताम फ्लुवर्ट फ्रेटागले 'टेक्नीकल अफ द ड्रामा' भन्ने पुस्तकमा सूचीस्तम्भद्वारा स्पष्ट पारेका छन् । यसलाई फ्रेडको पिरामीड भन्ने गरिन्छ । उनले उल्लिखित कृतिमा कथानको विकासलाई पाँच शीर्षकमा प्रस्तुत गरेको पाइन्छ । ती हुन् :




उपर्युक्त सूची स्तम्भको आधारमा भन्दा आरम्भमा पात्रहरूको परिचय र तिनले सामना गर्नुपर्ने समस्यालाई देखाइन्छ भने सङ्घर्ष वा विकासमा द्वन्द्वको विकास हुन्छ । उत्कर्ष यस्तो माथिल्लो अवस्था हो जसले कथानकमा नयाँ मोड सिर्जना गर्छ । संङ्घर्ष ह्रास वा अपकर्षमा कथानकलाई निष्कर्ष तर्फ उन्मुख गराइन्छ भने उपसंहार अपकर्षको समापनको अवस्था हो र यहीं फलप्राप्ति हुन्छ कथा टुङ्गिन्छ ।

कथानकको विकासक्रममा कथामा आदि, मध्य र अन्त्य भाग क्रमशः आउनुपर्छ भने नियम चाहिँ हुँदैन । किनभने कथामा कथानकको प्रयोग सधैं समयको गति जस्तो वर्तमानबाट भविष्यतिर मात्र बग्ने खालको हुँदैन । यसैले कथामा पहिले अन्त्य आएर पछि प्रारम्भ पनि आउनसक्छ । कथामा गरिने यस्तो प्रयोगलाई पूर्वदिप्ती भनिन्छ ।

## २.६ कथानकको प्रकार

कथानकलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ कथानकका वर्गीकरणका केही आधार निम्नानुसार छन् ।

### २.६.१ व्याप्तीको आधार

मुख्य र सहायक कथानक कथाको आदिदेखि अन्त्य भागसम्म फैलिएको कथानक मुख्य हुन्छ । यो प्रमुख पात्र नायक वा नायिकासँग सम्बन्धित हुन्छ । पूर्वीय साहित्य सिद्धान्त अनुसार यसप्रकारको कथानकलाई आधिकारिक कथावस्तु भनिएको पाइन्छ । सहायक कथानक चाहिँ कार्यको नृत्य क्रममा आउने गर्दछ । सहायक कथानकलाई मुख्य कथानकको औचित्य पूरा गर्नका लागि आउने कथानकका रुपमा पनि लिइन्छ ।

### २.६.२ कथानकको प्रयोगको आधार

सरल र संयुक्त कथानक कथामा एउटा कथानकको प्रयोग सुरुदेखि अन्तसम्म भएको छ भने त्यस्तो कथानक भएको कथा सरल हुन्छ । एकभन्दा बढी कथानक प्रयोग छ भने संयुक्त हुन्छ । संयुक्त कथानक भएको कथामा सहायक तथा अन्य कथानक मुख्य कथानकको अधिनमा पनि हुनसक्छ । अधिनमानरही स्वतन्त्र पनि हुन्छ । कथामा सामान्यतः समानान्तर प्रकारको संयुक्त कथानकको प्रयोग गरिदैंन ।

### २.६.३ घटना व्यवस्थित हुने र नहुने आधार

सुगठित र अव्यवस्थित कथानक हड्सनले कथालाई सुगठित र अव्यवस्थित गरी दुई भागमा बाँडेका छन् । उनले घटना व्यवस्थित हुने र नहुने आधारमा यो वर्गीकरण गरेका हुन् । जुन कथामा घटना व्यवस्थित र नियमबद्ध हुन्छ, त्यसलाई सुगठित भनिन्छ भने जसमा त्यस्तो सुव्यवस्था हुँदैन, त्यसलाई अव्यवस्थित कथानक भनिन्छ । परम्परित कथाहरु धेरैजसो सुगठित शैलीमा लेखिएका हुन्छन भने चेतनप्रवाह पद्धति प्रयोग गरिएका कथा अव्यवस्थित हुन्छन् ।

## २.७ कथानकको ढाँचा

रैखिक वृत्ताकारीय कथामा घटनाको व्यवस्थापन लेखकले गर्ने हुँदा आफ्नो रचनामा उसले ती घटनालाई समयको बहावकै क्रममा क्रमबद्ध रूपमा राख्न पनि सक्छ। नराख्न पनि सक्छ। समयक्रम कै आधारमा घटनालाई यसरी राख्दा कथामा पहिले घटेको घटना पहिले र पछि घटेको घटना पछि आउने गर्छ तर लेखकले त्यस्तो नगरी वर्तमानको घटना पहिले राखेर त्यसभन्दा अघि को घटनालाई पछाडि वर्णन गर्न पनि सक्छ। कथाकारले घटनालाई क्रमबद्ध तरिकाले राखेको अवस्थामा कथानकको ढाँचा रैखिक हुन्छ भने क्रमबद्धतामा विचलन गरी पूर्वदिप्ती ढाँचामा राख्यो भने वृत्ताकारीय हुन्छ। रैखिक ढाँचामा लेखिएका कथा पढ्न र बुझ्न जति सजिलो हुन्छ त्यति वृत्ताकारीय ढाँचा प्रयोग गरिएका कथा हुँदैन तर वृत्ताकारीय ढाँचा प्रयोग गरिएका कथाहरूले पाठकको बौद्धिक क्षमता भने बढाउँछन्।

## २.८ कथानकको आवश्यक उपकरण द्वन्द्व र क्रिया

द्वन्द्व (conflict) तथा क्रिया (action) कथानकको विकासका लागि नभईनहुने कुरा हुन्। यसले कथालाई पढ्न योग्य बनाउँछ। यो कथाको मुटु भएको हुनाले यसले नै कथामा क्रियाको निर्धारण गर्छ। सामान्यतया द्वन्द्व दुई चरित्रको बीचमा हुने गर्दछ। नायक र खलनायकका बिचमा द्वन्द्व भएका कथाहरू धेरै नै लेखिएका छन्। द्वन्द्वलाई बाह्य र आन्तरिक द्वन्द्वका रूपमा पनि वर्गीकरण गर्न सकिन्छ। यसरी हेर्दा बाह्य द्वन्द्व अन्तर्गत व्यक्ति र व्यक्ति, व्यक्ति र समाज, राष्ट्र र राष्ट्र, व्यक्ति र प्रकृति तथा व्यक्ति र भाग्य बीचको द्वन्द्व देखा पर्छ भने चेतना र अचेतन, इदम र पराअहम बीचको द्वन्द्व चाहिँ आन्तरिक द्वन्द्व अन्तर्गत पर्छ। कथा लेखनका क्रममा कथाकारले क्रियालाई जतिसक्यो चाँडो पक्रनु पर्छ अन्यथा कथाको प्रभाव सशक्त हुँदैन। कथानकको फैलावट दृश्य र बढ्दो द्वन्द्वबाट हुने भएकाले दृश्यको श्रृङ्खला राम्ररी मिलेको हुनुपर्छ। यी सबै कुरा मिलेमात्र कथामा द्वन्द्व र त्यसबाट उत्पन्न क्रिया सशक्त हुन्छ र कथा कौतुहलपूर्ण र आकर्षक बन्न पुग्छ।

## २.९ कथाको स्रोत

'स्रोत' शब्दको शाब्दिक अर्थ मुहान भन्ने हुन्छ। यहाँ कथाको स्रोत भन्नुको अर्थ कथा कहाँबाट जन्मन्छ वा यसले केबाट विषय लिन्छ भन्ने हो। पूर्वीय आचार्यहरूले प्रख्यात उत्पाद्य र मिश्रित गरी नाटकको कथावस्तुका तीनवटा आधार उल्लेख गरेका छन्। पश्चिममा एरिस्टेटलले दुःखान्तको चर्चा गर्दा यसको कथावस्तुका आधारका रूपमा दन्त्यकथा, इतिहासः

र कल्पनालाई उल्लेख गरेका छन् । स्कोटसले “इलेमेन्टस् अफ फिक्सन” भन्ने लेखमा इतिहास यथार्थवाद, रोमान्स, तथा स्वैर कल्पनालाई आख्यान वा कथाको रूपमा लिएका छन् । अचेल मिथकहरूलाई आधार बनाएर पनि आख्यान लेखिने हुनाले यसलाई पनि स्रोतका रूपमा स्वीकार्नु उपयुक्त देखिन्छ । त्यसैले इतिहास यथार्थवाद, रोमान्स, मिथक तथा स्वैरकल्पनालाई कथाको स्रोतका रूपमा लिइएको छ ।

## २.१० निष्कर्ष

कथाको इतिहास लामो छ । यो विधा उत्तिकै लोकप्रिय पनि छ । विद्वानहरूले कथालाई आख्यानको एउटा प्रकारका रूपमा व्याख्या विश्लेषण गरेका छन् । कथा गद्यमा लेखिन्छ र यसमा पनि कल्पनाको प्रयोग अनिवार्य हुन्छ । यसकै माध्यमबाट कथामा तथ्यको प्रकटीकरण हुन्छ । कथाको स्रोत इतिहास, यथार्थवाद र रोमान्स मिसिएका कथा नै बहुचर्चित र लोकप्रिय भएका छन् । साहित्यको अन्य विधाजस्तै कथा पनि विभिन्न तत्त्वहरूको विलयनबाट निर्माण हुन्छ । कथाले पाठकहरूलाई अतीतमा आकर्षित गरेको थियो । अहिले पाठधकको ध्यान तानिरहेको छ र यसरी नै भविष्यमाझ श्रोता तथा पाठकलाई आकर्षित गरिरहने छ ।

# तेस्रो परिच्छेद

# सामग्रीसङ्कलन र अनुसन्धानप्रक्रिया

## ३.१ अनुसन्धानप्रक्रिया

जुनसुकै अनुसन्धान कार्यकालागि सामग्रीसङ्कलन अनिवार्य प्रक्रिया हो । प्रस्तुत अनुसन्धान कार्यलाई अगाडि बढाउन पनि सर्वप्रथम सामग्रीसङ्कलन गर्ने कार्य भएको छ । सामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययनविधिद्वारा लघुअनुसन्धानको शीर्षकसँग सम्बद्ध विषयवस्तुहरू वा सामग्रीसङ्कलन गरिएको सामग्री विश्लेषण गर्दा निगमनात्मक र आगमनात्मक दुबै विधिलाई आवश्यकता अनुसार प्रयोग गरिएको छ । सम्बद्ध विषयका विशेषज्ञसँग सल्लाह र सुझाव पनि लिइएको छ ।

## ३.२ अनुसन्धानसामग्री

अनुसन्धानसामग्री भनेका अनुसन्धानकार्यका निमित्त आवश्यक पर्ने त्यस्ता कच्चापदार्थ हुन् जस विना अनुसन्धानकार्यरूपी उत्पादन अगाडि बढ्न सक्दैन । सामग्रीका आफैँमा कुनै महत्त्व हुँदैन । ती निर्जीव र निष्क्रिय वस्तु मात्र हुन् तर तिनले शोधार्थीहरू वा अनुसन्धाताहरूलाई नयाँ सत्यको प्राप्ति गराउँछन्, पुराना तथ्यसामग्री र तिनमा आधारित सिद्धान्त पुराना भएर निरर्थक भई अप्रचलित हुन जान्छन् ।

कुनै पनि क्षेत्रका प्राज्ञिक प्रश्नको उत्तर खोज्न वा समस्याको समाधान गर्न र ज्ञानको क्षितिजलाई विस्तृत र व्यापक तुल्याउन गरिने अनुसन्धान कार्यको पूर्वाधारको काम अनुसन्धानसामग्रीले गर्दछ । सर्वप्रथम शोधक्षेत्रका तथा सामग्रीप्राप्तिका स्रोतक्षेत्रको निरीक्षण गर्नुपर्ने हुन्छ । तत्पश्चात् सामग्रीसङ्कलनका नमुना छनोटपद्धति अन्तर्वार्ता प्रश्नावली आदि विविध पद्धति अपनाई स्रोतक्षेत्रबाट प्राथमिक सामग्रीसङ्कलन गर्ने, पुस्तकालायबाट के कति र कस्ता द्वितीयक स्रोतका गौण सामग्रीसङ्कलन गर्ने भन्ने कुरा निश्चित गर्नुपर्ने हुन्छ । सामग्रीसङ्कलन पश्चात् तिनलाई सम्पादन, सङ्गठन, केन्द्रीकरण, वर्गीकरण र विश्लेषण गर्नुपूर्व राम्ररी निरीक्षण गरेपछि मात्र उक्त कार्य सरल र सहज ढङ्गबाट अगाडि बढाउन सकिन्छ । सामग्रीसङ्कलनविना अनुसन्धानकार्यको कल्पना गर्न पनि सकिन्न तसर्थ कुनै पनि अनुसन्धानकार्य गर्न कठिन पर्ने भएकाले कुनै पनि अनुसन्धानकार्यका निम्ति शोधसामग्रीको निरीक्षण र सङ्कलनको ठूलो महत्त्व रहन्छ ।

## ३.३ सामग्रीसङ्कलनमा पुस्तकालय विधि

कुनै पनि अनुसन्धानकार्यका निमित्त आधार सामग्रीका रूपमा रहेका तथ्य तथ्याङ्क वा सामग्रीसङ्कलन गर्नुपर्ने हुन्छ । ती सामग्रीहरू विषय र क्षेत्रको प्रकृति, विशेषता आदिका आधारमा विभिन्न प्रकारका हुन्छन् । तिनै विषयक्षेत्र र सामग्रीका आधारमा अनुसन्धानकार्यको निष्कर्ष निर्धारित हुन्छ । कुनै विषयका सामग्रीहरू पुस्तकालयमै पाइने खालका हुन्छन् । अभिलेखपरक अध्ययन एवम् अनुसन्धानका लागि पुस्तकालय नै सामग्रीसङ्कलनको मुख्य स्रोत हुन्छ ।

पुस्तकालयमै आधारित भएर पुस्तकालयबाटै गरिने सामग्रीसङ्कलनलाई पुस्तकालयीय सामग्रीसङ्कलन भनिन्छ । यस प्रकारका सामग्रीसङ्कलन प्रक्रिया अन्तर्गत विभिन्न पुस्तक, पत्रपत्रिका, शोधप्रतिवेदन लेख, टिप्पणी, समालोचना, अनुसन्धान, निष्कर्ष, पाण्डुलिपि आदि सामग्री पर्दछन् । पुस्तकलय आजको विश्वको ज्ञानभण्डार हो । आजको युगमा एउटा पुस्तकालयभित्र सिङ्गो विश्व पाउन सकिन्छ । यस अनुसन्धानमा जति पनि सामग्रीको उपयोग, प्रयोग र अनुप्रयोग गरिएको छ ती सबै सामग्रीहरू पुस्तकालयीय विधिबाट सङ्कलित छन् । एकातिर विवेच्य कथा सङ्ग्रहीत भएका विभिन्न कथासङ्ग्रह, कथाविधाका सैद्धान्तिक सामग्रीहरू, कथासँग सम्बद्ध भई तयार पारिएका शोधपत्रहरू, समीक्षात्मक ग्रन्थहरू र विभिन्न कार्यशालामा प्रस्तुत कार्यपत्रहरू पुस्तकालयीय विधिबाट प्राप्त भएका सामग्री हुन् भने अर्कातिर अनुसन्धानसँग अन्तर्सम्बन्धित पक्षका लागि विशिष्ट विद्वानहरूद्वारा लिखित अनुसन्धानविधि र प्रक्रियाका सन्दर्भसमग्रीहरू पनि पुस्तकालयीय विधिकै उपयोग गरेर लिइएका हुन् ।

# चौथो परिच्छेद
# व्याख्या विश्लेषण

## ४.१ समकालीन कथालेखनको पृष्ठभूमि

२०३६ सालको पञ्चायती व्यवस्थाको विरोधमा आन्दोलन भएपछि नेपालमा जनमतसङ्ग्रहको घोषणा हुनु स्वतन्त्रता प्राप्तिको एउटा खुड्किलो थियो । यसै समयदेखि नेपाली कथाका क्षेत्रमा समकालीन कथालेखनको नयाँ चरण प्रारम्भ भएको हो । प्रयोगवादी कथाका तुलनामा प्रायः सरल ढङ्गबाट स्वतन्त्रता प्राप्तिको उद्घोष व्यक्त गर्ने कुरामा यस चरणका कथाहरू सक्रिय देखिन्छन् । समकालीन कथालेखनको बीचमा आएको जनआन्दोलन २०४६ र त्यसपछि चलेका केही भिन्न प्रवृत्तिले गर्दा यस चरणमा पनि दुई खण्डमा विभाजित गरेर कथाकारहरूले कलम चलाएका छन् ।

## ४.२ समकालीन नेपाली कथाको परिवेश र प्रवृत्ति

साहित्य र समाजका बीचमा घनिष्ठ सम्बन्ध छ । साहित्य समाजबाट मुक्त हुन सक्दैन र त्यसले कुनै न कुनै ढङ्गबाट समाज, युग र त्यसको संस्कारहरूबाट ग्रहण गर्ने र नयाँ विचार दिने द्वन्द्वात्मक क्रिया चलाइ राखेको हुन्छ । समकालीन नेपाली कथाले पनि तत्कालीन परिवेश र परिस्थितिसँग विमति राख्दै वा समायोजित हुँदै सौन्दर्य चेतना स्थापित गरेको छ । २०३६ सालदेखि २०४६ सालको जनआन्दोलन र प्रजातन्त्रको पुनर्स्थापना हुँदै अहिलेसम्मको यात्रामा जनआन्दोलनअघि र जनआन्दोलनपछि कथाको प्रवृत्ति स्पष्टसँग छुट्टिन थालेका आधारहरू फेलापरिसकेका छन् त्यसैले समकालीन कथालेखनलाई दुई खण्डमा विभाजन गर्न सकिन्छ ।

### ४.२.१ जनआन्दोलनपूर्व (२०३६-२०४६)

२०३६ सालको जनमतसंग्रहको घोषणादेखि २०४६ सालको जनआन्दोलनसम्म अवधिलाई यस चरणले समेटेको छ । यस चरणमा देशभित्रको निसासिँदो परिवेश, स्वतन्त्रताका चाहना तथा विभिन्न प्रकारका विसङ्गति विकृतिप्रतिको व्यङ्ग्य प्रमुखरूपमा प्रकट भएका छन् ।

### ४.२.२ जनआन्दोलनपश्चात्

२०४६ सालमा नेपालमा बहुदलीय व्यवस्थाको घोषणा भएपछि राजनीतिक अवस्थामा मात्र होइन आर्थिक, सांस्कृतिक क्षेत्रमा पनि निकै ठूला परिवर्तनहरू भएका छन् । आजका कथाहरू राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय सन्दर्भबाट समेत प्रभावित हुँदै अगाडि बढेका छन् ।

## ४.३ समसामयिक कथा धारा

समकालले वर्तमानलाई जनाउँछ । वर्तमानमा सृजित साहित्य, प्रस्तुत मान्यता, समकालीन हुन सक्छन् यस्तै अवस्थामा घटित घटना, सृजित समस्यालाई समसामयिक भनिन्छ । समकाल वा समसामयिक घटना अथवा वस्तु युगसापेक्ष हुन्छन्, गतिशील हुन्छन् स्थिर हुँदैनन् । हिजोको समकालीन वस्तु वा समसामयिक घटना आज पुरानो मानिन्छ र आजको समकालीन परिधिमा भएको कामलाई मात्र समसामयिक वा समकालीन मानिन्छ । सामान्यतया यही मान्यताका आधारमा पन्ध्र बीस वर्षसम्मको अवधिको मापन गरेर २०४६ पछिको आधुनिक नेपाली कथालेखनलाई समकालीन कथालेखन धारा मान्न सकिन्छ । नेपाली साहित्यका सन्दर्भमा समकालीन र समसामयिक दुबै शब्दलाई समान अर्थमा प्रयोग गर्न सकिन्छ ।

समकालीन धाराका कथाकारहरूले मानवजीवन भोगाइमा केन्द्रित रहेर कथा लेखेका छन् । यस समयका कथामा वर्तमानको कष्टका तथा नमीठो जीवन श्रृङ्खला, एक्लोपनको अनुभूति, शून्यताको अभिव्यक्ति पाइन्छ । समकालीन समाजको सामाजिक व्यवस्थाप्रति तीव्र व्यङ्ग्य गर्दै विद्रोही भावना व्यक्त गरिएको छ । स्वैरकल्पना र विसङ्गतिलाई मूल विषय बनाएर सन्दर्भगत अर्थप्रदान गर्न यस कालका कथाकारहरू बढी सक्रिय देखिएका छन् । मानवीय चरित्रभित्र देखिने अमानवीय क्रियाकलाप, विश्वजनीनता, तीव्र बौद्धिकता, विकृतिप्रति तीव्र व्यङ्ग्य, प्रगतिशील चेतना यस कालका खास प्रवृत्ति मानिन्छन् । यस धारालाई पनि मार्क्सवादी र गैरमार्क्सवादी कथाकारले उर्वर बनाउने काम गरेका छन् ।

### ४.३.१ समकालीन नेपाली कथाका प्रवृत्ति एवम् विशेषता

- विश्वबन्धुत्वको भावनाको स्थापना, सामाजिक भावनाको चित्रण, कलाप्रति नवीन दृष्टिकोण, नवनिर्माण प्रतीक उत्कट अभिलाषा एवम् युगानुकूल नवीन परिवर्तनको आकांक्षा एवं नवनिर्माणको चाहना ।

- केही कथाकारहरूको कथामा पूर्ववर्ती समयकै अन्तर्वस्तु विषय र शैलीको प्रयोग भएपनि विषयवस्तुको ग्रहणमा विविधता ।
- सशस्त्र द्वन्द्वजन्य पीडाबोधको अभिव्यक्ति र सशस्त्र द्वन्द्वको सन्त्रास तथा विक्षिप्त मनोदशाको प्रकटीकरण र आंशिक रूपमा सशस्त्र द्वन्द्वको विरोध ।
- डायस्पोरिक अन्तर्वस्तुका कथालेखनमा तीव्रता र डायस्पोरिक भोगाइ, अनुभूति, बिरानोपन आदिको प्रस्तुति ।
- नारीवादी चेतना, नारी अस्तित्वको खोजी र नारीपीडाबोधको अभिव्यक्ति ।
- आर्थिक विषमता, महँगी, अभाव, भ्रष्टाचार आदि आर्थिक दुरावस्थाको प्रस्तुति ।
- छुवाछुत प्रथा, जातिभेद अन्य विभिन्न सामाजिक समस्याको प्रस्तुति र मार्क्सवादी विश्वदृष्टिकोणको प्रकटीकरण ।
- मानवअधिकारवादी चेतना र सामूहिकताको अभिव्यक्तिका साथै अन्तर्मुखी प्रवृत्ति ।
- परिमाणात्मक मूल्यका सापेक्षतामा गुणात्मक मूल्यमा न्यूनता आदि ।
- प्रजातन्त्रको पुनर्स्थापनापछि पनि नातावाद, कृपावाद, भ्रष्टाचार आदि यथावत् रहेको अभिव्यक्ति ।
- सत्तालिप्सा, राजनीतिकरण र नेताहरूका दुच्छर ।
- स्वैरकल्पना र विसङ्गतिलाई मुख्य विषय बनाएर कथालेखन ।
- मूल्यहीन राजनीतिप्रति व्यङ्ग्य र सङ्गतिहीनताको यथार्थ चित्रण ।
- बेरोजगारी महँगी, अभाव र युवा विदेश पलायन हुने प्रवृत्तिको यथार्थ चित्रण ।
- प्रजातान्त्रिक व्यवस्थमा देखिएका विकृति, विसङ्गति र छाडापनप्रति व्यङ्ग्य ।
- प्रणयपरक र यौनवादी कथालेखनको अनुसरण
- आलोचनात्मक प्रवृत्ति, निराशावादी जीवनदृष्टि र वैयक्तिक सामाजिक असन्तुष्टिको प्रकटीकरण ।
- नेपाली समाजको यथार्थपरक चित्रमा रूची र बहुमुखी जीवन दृष्टिको प्रस्तुति ।
- ग्रामीण र सहरिया जीवनका निम्न वर्गका कष्टकर जीवनको अभिव्यक्ति ।
- मार्क्सवाद साम्यवादको समर्थन एवम् शोषण र सामन्तवर्गको विरोध शोषित, पीडित वर्गहरूप्रति सहानुभूतिको भावना ।
- धर्म र ईश्वरको विरोध तथा नारी सम्मान र प्रतिष्ठा ।
- सामाजिक अन्धविश्वास प्रथा रूढिबादी भावनाको खण्डन ।
- ठोस यथार्थको चित्रण

## ४.४ समकालीन कथाकार र तिनका कथाहरूको वस्तुविन्यास

बितेका ३५ वर्षमा नेपाली कथामा निकै गतिशीलता, प्रयोगशीलता र परिवर्तन देखिएका छन् । यस अवधिमा बहुसङ्ख्यक कथाकारहरू आफ्नो कथायात्रामा गतिशील छन् । पुरानो परम्पराका कथाकारहरूले आफ्नो गतिमा समसामयिकता पनि थप्दै लगेका छन् भने नयाँ कथाकारहरूले पुरै समकालीन सन्दर्भ र सोचकासाथ कथा लेखिरहेका छन् । आधुनिक नेपाली कथाको समकालीन धारमा सक्रिय कथाप्रतिभाहरूले नेपाली कथालाई विश्वमा समकालीन सन्दर्भसँग जोडेर त्यसमा आफ्नो राष्ट्रिय अस्मिता र छुट्टै चिनारी खोज्ने प्रयत्न गरेका छन् । आफ्नै परिवेश भित्रका स्थानीय विशेषताहरूको खोजी गरी राष्ट्रिय संस्कृतिभित्रको झुकावलाई प्रतिविम्वित गरेर यस धारका कथाकारहरूले कथा लेखेका छन् । त्यसैले यस अनुसन्धानमा यिनै प्रवृत्तिलाई अङ्गीकार गर्ने प्रतिनिधिमूलक कथाकारहरूका कथामा पाइने वस्तुविन्यासको सन्दर्भलाई विवेचना गरिएको छ ।

### पारिजात

पारिजातका कथायात्राको तेस्रो चरण प्रगतिवादी कथाको चरण हो तापनि यस समसामयिकता स्पष्ट रूपमा प्रस्तुत भएको छ । यस चरणमा उनी चिन्तन र शैली दुबै पक्षमा पूर्वाद्ध भागमा भन्दा निकै भिन्न देखिन्छिन् । मार्क्सवादलाई अबलम्बन गरेकी हुनाले त्यसको प्रत्यक्ष छाप यस चरणका कथामा परेको छ । मार्क्सवादी साहित्यले समाजका कुरीति र सुसंस्कारको विरोध गर्दै सुसंस्कार र स्वस्थ समाजको निर्माणमा सहयोग पुऱ्याउने हुँदा पारिजाका तेस्रो चरणका कथाहरू प्रगतिवादी साहित्यका उत्कृष्ट नमूना बन्न पुगेका छन् । नेपाली समाजका विसङ्गति र विकृतिका कारक तत्त्वहरूबाट पीडित बनेका र पीडक बनेका पक्षहरूको यथार्थतालाई उजागर गर्दै लेखिएका उनका कथाहरूमा सामाजिक सुधार तथा समाजवादी भावना र चेतनालाई स्थापित गर्न खोजेकी छन् ।

उनका 'साल्गीको बलात्कृत आँसु' (२०४३) र 'बधशाला जाँदा र आउँदा' (२०४७) लगायतका एकत्रित रहेका कथाले कलात्मक सीप र मानवीय संवेदनाका शाश्वत मूल्य प्राप्त गरेका छन् । उनले आफ्ना कथाहरूमा निम्नवर्गीय जनजीवनका पीडा र सम्भ्रान्त तथा सामन्त वर्गीय संस्कारको उत्पीडन बढिरहेको स्थितिको जीवन्त चित्रण गरेकी छन् । शासक र शासित बीचका विषमतालाई कलात्मक एवम् संवेदनापूर्ण भाषिक संयोजनले प्रगतिवादी चिन्तनलाई

उच्चतामा पुऱ्याएकी छन् । पारिजातको कथाको चिन्तन भनेको नेपाली समाजको आर्थिक र नैतिक शोषण, दमन र उत्पीडन, सांस्कृतिक र मनोवैज्ञानिक शोषण आदि विविध पक्षलाई उजागर गर्नु रहेको छ ।

कथाकार पारिजातको प्रगतिवादी चरणमा लेखिएको 'साल्गीको बलात्कृत आँसु' सामाजिक विषयवस्तुमा आधारित कथा हो । साल्गीका पीडा र वेदनाका आँसुको केन्द्रीयतामा लेखिएको प्रस्तुत कथामा साल्गी र सरदार्नी दुईजना प्रत्यक्ष पात्रका रूपमा रहेका छन् भने आमा, अप्रत्यक्ष पात्रका रूपमा देखापरेका छन् । वस्तुविन्यासगत संगठनका दृष्टिले हेर्दा प्रस्तुत कथा निकै सबल देखिन्छ । फेट्टागको पिरामिडअनुसार कथानकको आङ्गीक विकासलाई आरम्भ, विकास, उत्कर्ष, अपकर्ष र उपसंहार गरी प्रस्तुत गरिएको छ । यस आधारमा कथाको आङ्गीक विकासलाई गाउँकै ल्वाँगे घर्तीले गलैचा कारखानामा नोकरी लगाइदिनु भनी साल्गीलाई भगाउनु आरम्भिक घटना हो भने साल्गीलाई भारतको कानपुर वेश्यालयमा पुऱ्याएर सरदार्नीको हातमा बेच्नु कथाको विकासको अवस्था हो । साल्गीलाई अनिच्छापूर्वक वेश्यावृत्तिमा सामेल हुन बाध्य पारिएपछि आफू बेचिएको थाहा पाउनु र ऊ घर परिवारलाई सम्झेर विह्वल हुनु एवम् उसमा पुरुष जातिप्रति नै वितृष्णा र घृणा पैदा हुनु र आफूलाई बेच्ने ल्वाँगे घर्ती जस्तालाई खुकुरीले टुकाटुका पार्ने आक्रोश जागृत हुनु कथानकको उत्कर्ष अवस्था हो । साल्गीमा जतिसुकै आक्रोश देखिए पनि साल्गी त्यस नारकीय जीवनबाट फुत्कन नसक्नु कथानकको अपकर्ष र उपसंहारका रूपमा संयोजन गरिएको छ । रैखिक ढाँचामा लेखिएको प्रस्तुत कथामा साल्गीको मनभित्रको आक्रोश लाई द्वन्द्वात्मक रूपमा प्रस्तुत गरिएको छ । साल्गी भित्रको छट्पटी कतै बिद्रोह न कतै विवशता बनेर प्रस्तुत भएको छ । सामाजिक बिषयवस्तुलाई हृदयविदारक ढङ्गबाट प्रस्तुत गरिएको यस कथामा साल्गीको मनोविश्लेषण गरिएको छ । मर्मान्त कथावस्तु कारूणिक अवस्था विसङ्गतिको भाव साल्गीको आदर्श सोच र विवशता जन्य कारूणिक यथार्थको संयोजनले प्रस्तुत कथाको बस्तुविन्यास पक्ष सबल बनेको देखिन्छ ।

**खगेन्द्र सङ्ग्रौला**

खगेन्द्र सङ्ग्रौला नेपाली साहित्यका क्षेत्रमा बहुचर्चित नाम हो । उनी सामाजिक, यथार्थवादी, प्रगतिवादी स्रष्टा हुन् । विभिन्न सामाजिक तथा साहित्यिक संघ-संस्थाहरूमा आबद्ध रही नेपाली समाज र साहित्य सेवामा विशिष्ट योगदान पुऱ्याउँदै आएका सङ्ग्रौलाका

नौ वटा कथा सङ्ग्रहहरू प्रकाशित छन् र पछिल्ला उनका कथाहरू समकालीनताको प्रस्तुतिका दृष्टिले विशिष्ट छन् ।

खगेन्द्र सङ्ग्रौलाका कथामा प्रगतिवादी चिन्तन कलात्मक र सशक्त रूपमा प्रकट भएको छ। नाटक, निबन्ध र समालोचनाका क्षेत्रमा समेत विशिष्ट पहिचान दिएका सङ्ग्रौलाको प्रमुख क्षेत्र आख्यान हो । उनले नेपाली समाजको सहज र ग्रामीण समबेदना एवं निम्नवर्गीय श्रमिक मजदुरहरूको दु:ख, कष्ट र संकटपूर्ण अवस्थालाई मार्मिक र सटिक ढङ्गले प्रस्तुत गरेका छन्। उनले समाजमा विद्यमान विसङ्गति विकृति सत्तामोह एवं सामाजिक कुकृत्यलाई सजीव ढङ्गबाट प्रस्तुत गरेका छन्। मूलतः खगेन्द्र सङ्ग्रौलाका कथाहरूको मूल वैचारिकता भनेको प्रगतिवादी नै हो । ग्रामीण जीवनको गतिशील यथार्थलाई कलात्मकरूप दिने सङ्ग्रौला पछिल्लो चरणमा शहरी जीवन र सत्ताद्वारा सिर्जित विभिन्न पक्षको खोतलखातल गर्नमा बढी सक्रिय देखापर्छन। विशेषगरी सङ्ग्रौलाका कथामा देखिने प्रगतिवाद भनेको मानव मस्तिष्कको सकारात्मक रूपान्तरणको सिद्धान्त हो । सशस्त्र आन्दोलनमा भन्दा वैचारिक आन्दोलनमा उनको विश्वास छ सङ्ग्रौलाका कथाहरू देशभक्ति र जातीय गौरवको भावनाले ओतप्रोत देखिन्छन्। विविध भावधारा अन्तर्गत लेखिएका उनका कथाहरूले समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनलाई उजागर गर्दै सामाजिक सुधारको भावना व्यक्त गरेका छन् । यस सन्दर्भमा उनका विभिन्न कथाहरू मध्ये 'मई दिवस' (२०५४) लाई प्रतिनिधि कथाका रूपमा लिई उक्त कथाको वस्तु विन्यास पक्षको विश्लेषण गरिएको छ ।

'मई दिवस' (२०५४) खगेन्द्र सङग्रौलाको दोस्रो कथा संग्रह हो । उक्त कथासङ्ग्रह भित्र १० वटा कथाहरू संग्रहित छन् जसमध्ये 'मई दिवस' महत्त्वपूर्ण कथा हो । यसै कथाको शीर्षकबाट कथासङ्ग्रहको नामाकरण गरिएको छ । प्रस्तुत कथामा सर्वहारा वर्गका पक्षमा आवाज उठाइएको छ। निम्नवर्गीय जनजीवनको कारूणिक दृश्य देखाइएको छ। यथार्थ मूलक विषयलाई कथानकको स्रोत बनाइएको छ। ग्रामीण सोझा, इमान्दार र कर्मठ श्रमिक, मजदुर र किसानहरूको आक्रोश र विद्रोहले द्वन्द्वात्मक स्थितिको चित्रण गरेको छ । निम्नवर्गीय श्रमिकहरूको द्वन्द्वात्मक क्रियाको अवस्थाले कथानक उचाइलाई प्रस्तुत गरेको छ। सर्वहारा श्रमिकहरूको अवस्था कथानकको आङ्गीक विकासको आदि भाग हो भने उनीहरूको दु:ख, कष्ट र विद्रोहको आवाजसँग कथानकको विकास भएको छ भन्ने सचेत पात्रका माध्यमबाट अन्याय, अत्याचारको विरुद्ध चेतना जागृत गराउने कार्यसँग कथानकले उत्कर्षता प्राप्त गरेको

छ । शोषित पीडित जनताको निरीह अवस्थासँगै कथानक अपकर्ष हुँदै उपसंहार तर्फ अगाडि बढेको छ । रैखिक ढाँचामा लेखिएको प्रस्तुत कथाको बस्तुविन्यास सुगठित बन्न पुगेको छ । सोझा, इमान्दार र कर्मठ मजदुरहरूका समस्या उनीहरूका दुःख कष्टलाई अन्र्तवस्तु बनाइएको छ । श्रमिक र मजदुरहरूप्रति शोषण, दमन, अन्याय, अत्याचार गर्ने शोषक सामन्तका विरुद्धमा विद्रोहका स्वर सुसेल्नका लागि चेतना जागृत गराउने काम यस कथामा सचेत पात्रका माध्यमबाट गराइएको छ । प्रतीकात्मक रूपमा सामन्ती व्यवस्थाको चित्रण एवं शोषित पीडित जनताको निरिह अवस्थालाई प्रस्तुत गरिएको छ । धर्मभेद, जातिभेद र अन्याय अत्याचारका विरुद्धमा क्रान्ति गर्न जनजाति मजदुर र शोषित पीडित जनतालाई आव्हान गरिएको छ । धर्मभेद र जाति भेदको अन्त्य गरी मानवीय समानताको स्थापनाको चाहना प्रकट भएको छ । यसरी सामाजिक परिवर्तन झैं केन्द्रीयतामा यस कथाको बस्तुविन्यास गरिएको छ ।

**रमेश विकल (१९८५-२०६५)**

प्रगतिवादी कथाकार रमेश विकल नेपाली साहित्यका अग्रणी साहित्यकार हुन् तापनि यिनले पनि समकालीनतालाई पछ्याएर कथा लेखेका छन् । साहित्यका विभिन्न विधाहरूमा कलम चलाएका रमेश विकलको कथायात्रा लगभग पाँच दशक लामो रहेको छ । उनका कथाहरू प्रगतिशील विचारधाराका छन् । विकल मार्क्सवादी सिद्धान्तमा आस्था राख्ने भएकाले सामाजिक आर्थिक विषमता सजिव चित्रण गरेका छन् । समाजमा देखिने आर्थिक असमानता वर्गीय विभेद सामाजिक भेदभाव जस्ता समस्याको चित्रण पाइने उनका कथा सरल र रोचक छन् । समाजका सम्पूर्ण विभेद अन्याय, अत्याचार, शोषण जस्ता विकृतिहरू आर्थिक असमानताकै कारणले हुन्छ भन्ने विचार उनका कथामा अभिव्यञ्जित भएको छ । उच्च वर्गीय सामन्ती शोषकहरूप्रति आक्रोश पोख्दै निम्नवर्गमाथि सद्भाव र सहानुभूति व्यक्त गरिएका उनका कथामा प्रगतिवादी चेतना प्रबल रूपमा प्रकटित भएको छ । सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य, अन्याय, शोषणप्रति तीव्र विरोध प्रगतिवादी चिन्तनप्रति समर्थन तथा समतामूलक समाजको स्थापनामा जोड आदि प्रवृत्ति सशक्त रूपमा प्रकट भएको पाइन्छ । विकलका कथामा विषयगत विविधता पनि पाइन्छ । सामाजिक पक्षका साथै राजनीतिक, सांस्कृतिक, मनोवैज्ञानिक समस्याहरूको जीवन्त चित्रण पाइने उनका कथामा अर्को महत्त्वपूर्ण पक्षका रूपमा मानवतावादी चिन्तन देखापर्छ । जीवन भोगाइका विविध समस्या र अनुभूतिका साथै समाजमा विद्यमान विकृति-विसङ्गतिप्रति यिनले तीखो आलोचना गरेको पाइन्छ । यिनका कथामा अन्धविश्वास रूढी र थोत्रा सामाजिक मूल्यप्रति ब्यङ्ग्य पाइन्छ । यिनले आर्थिक

कोणबाट समाजका हरेक समस्यालाई हेर्दै हरेक समस्याको जग नै आर्थिक विषमतालाई ठहऱ्याएका छन् । विकलका कथामा द्वन्द्वात्मक भौतिकवादी जीवन दर्शनले कलामूल्य प्राप्त गरेको पाइन्छ। विकलले लोककथात्मक, सामाजिक र मनोविज्ञानिक गरी तीन प्रकारका कथा लेखेका छन् । उनका कथा गुणात्मक र सङ्ख्यात्मक दुवै दृष्टिले उत्कृष्ट मानिन्छन् । मूलतः विकल आलोचनात्मक पक्षलाई केन्द्रमा राखेर प्रगतिशील चेतनायुक्त कथा लेख्ने कथाकारका रूपमा स्थापित छन् ।

कथाकार रमेश विकलद्वारा लिखित 'शव, सालिक र सहस्र बुद्ध' (२०४३) सामाजिक विषयवस्तुमा आधारित कथा हो । प्रस्तुत कथामा मानवीय भावनाको प्रस्तुतिका साथै सामाजिक र मानसिक मनोवृत्तिलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । यस कथामा अभावग्रस्त जीवनको प्रस्तुति भएको छ। प्रस्तुत कथाकी स्वीपर ह्नुच्छेमाया अभावकै कारण कठोर दैनिकी जीवन भोग्न बाध्य छ । उसले शव र सालिकको अवस्था अनुभव गर्न पुग्दछ। यस कथाले उपत्यकाको विकृत शहरी परिवेशको झलक प्रस्तुत गरेको छ। नेपाली समाजको आर्थिक र सामाजिक क्षेत्रमा रहेको विषमतालाई हटाई समता ल्याउन आव्हान गरेका छन् । समाजवादी, यथार्थवादी कथाकारका रूपमा यिनले दयनियता र कारुणिक दृश्य प्रस्तुत गरेका छन् । विकल मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादमा विश्वास गर्ने सामाजिक कथाकार हुन् । यिनको कथामा द्वन्द्वात्मक भौतिकवादी जीवन दर्शनले कलात्मक मूल्य प्राप्त गरेको छ। यस शव सालिक र सहस्र बुद्ध कथामा ह्नुच्छेमाया पात्रमा द्वन्द्वको उपस्थापन गरी कथालाई रोचकता, रहस्य पूर्णता र गतिशीलता प्रदान गरिएको छ। द्वन्द्वका माध्यमबाट पात्रका मानसिक संवेगको खोज र विश्लेषण गरिएको छ । यिनको कथात्मक रचना रैखिक ढाँचामा विकसित भएको देखिन्छ । रैखिक ढाँचामा लेखिएको यस कथाले उपत्यकाको शहरी परिवेशको चित्रण गरेको छ। शीर्षक चयनमा प्रतीकात्मकता र प्रतिकात्मक तथा प्रस्तुति उनका कथामा पाइन्छ ।

विकलका कथामा समाजमा विद्यमान आर्थिक सामाजिक असमानताको प्रति विद्रोहात्मक भावना पाइन्छ । विकल कथामा यत्रतत्र पाइने यस किसिमको सामाजिक, आर्थिक समस्यामा सम्बद्ध घटना वा कथानकको आङ्गीक विकास द्वन्द्वात्मक रूपमा आदि, मध्य, अन्त्य हुँदै विकसित भएको छ। यस कथामा रचना संगतिका निमित्त आवश्यक तत्त्वहरूको परिपालना समेत भएको छ । विकलले कथात्मक, संरचनात्मक एकाइहरूको प्रयोग गर्दा

सङ्क्षेप पद्धति र दृश्यात्मक पद्धति दुवैको समानुपातिक प्रयोग गरेका छन् । उनको कथाको दृश्यबिधान त्यति सुगठित देखिदैन । कथाकार विकलको वस्तुसङ्गठन पक्षभन्दा रूपाधारण पक्ष बढी सशक्त र प्रबल रहेको छ । सरल, स्पष्ट, सरस र प्रवाह पूर्ण कथा प्रस्तुतिले पात्रको स्वाभाविकता प्रदान गरेको छ । यिनै विशेषताले उनका कथाले कलात्मक उच्चता प्राप्त गरेका छन् ।

## सनत रेग्मी

सनत रेग्मी २००४ सामाजिक यथार्थवादी धाराका सशक्त कथाकार हुन् । उनी यथार्थलाई उत्पन्न निकटबाट नियालेर कथा लेख्ने स्रष्टा हुन् । मैनाली कथा पुरस्कारबाट सम्मानित रेग्मीका चारवटा कथाले प्रकाशित छन् । सामाजिक यथार्थका विविध पक्षलाई अन्तर्वस्तु बनाएर कथा लेख्ने रेग्मी बहुआयामिक व्यक्तित्वका रूपमा देखा पर्दछन् । सामाजिक विकृति, विसङ्गति, अव्यवस्था, गरिबी, शोषण, अभाव, पीडा, मानवीय संवेदना, प्रशासनिक बिकृति, बालबिबाह, यौन असन्तुष्टि, बाल मनोभावना आदिको कलात्मक र मार्मिक प्रस्तुति रेग्मीका कथामा भएको छ । उनका प्रारम्भिक कथाहरूमा सामाजिक जनजीवनका प्रायः स्थुल पक्षलाई अन्तर्वस्तु बनाइएको पाइन्छ भने उत्तरार्धका कथाहरूमा सामाजिक जनजीवनका सुक्ष्म पक्षका साथै युग चेतनालाई पनि अन्तर्वस्तु बनाइएको पाइन्छ । रेग्मीले निम्नवर्गका व्यक्तिहरूको कथा भोगाई संकट र क्षतिग्रस्त जीवनलाई जीवन्त चित्रण गरेका छन् । उनले प्रायः जसो निम्नवर्गका पात्रको प्रयोग आफ्ना कथामा गरेका छन् । उनका सुरुदेखि हालसम्मका कथाहरूलाई हेर्दा उनका कथामा समाजमा विद्यमान विपन्नता र गरिबीको चित्रण सशक्त रूपमा भएको पाइन्छ । नारी जीवनका उतार चढाब तथा अतृप्त कुण्ठा, पीडाको अभिव्यक्तिका साथै मनोचेतनाको सुक्ष्म अभिव्यक्ति समेत केही कथामा प्रकट भएको देखिन्छ । संख्यात्मक रूपमा एक सय भन्दा बढी कथा लेखेर कथा साहित्यका विशिष्ट पहिचान बनाएका रेग्मीले समकालीन युग जीवनका यथार्थलाई सुन्दर ढङ्गबाट प्रस्तुत गरेका छन् ।

सनत रेग्मीले कथावस्तुको स्रोतः समकालीन सामाजिक जीवनलाई बनाएका छन् । उनी मूलतः सामाजिक कथाकारकै व्यक्तित्वका रूपमा देखिन्छन् । उनले परम्परावादी नेपाली समाजमा समयको गतिसँगै आउँदै गएको आधुनिक परिवर्तन र त्यसका परिवर्तनले ल्याएको मूल्य र मान्यताको संकटलाई नियालेका छन् । सनत रेग्मीको 'स्मृतिदंश र अन्य कथाहरू' (२०६६) कथासङ्ग्रहमा सङ्ग्रहित 'स्मृतिदंश' शीर्षकको कथा उनका पूर्ववर्ती कथा भन्दा

विशिष्ट कथाका रूपमा देखापर्छ। सामाजिक विषयवस्तुमा आधारित प्रस्तुत कथामा समाजका सूक्ष्म पक्ष र मान्छेका वैयक्तिक तथा मनोवैज्ञानिक पक्षलाई देखाइएको छ भने युगीन वा समकालीन चेतनालाई पनि प्रकट गरिएको छ । यस कथाको आङ्गीक विकासका क्रममा आरम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको श्रृङ्खलालाई सरल सहज तथा स्वाभाविक ढङ्गबाट प्रस्तुत गरिएको छ। प्रस्तुति र जीवनको छवि प्रतिबिम्बित हुने किसिमको द्वन्द्वात्मक परिस्थिति कथामा गरिएको छ । द्वन्द्वको प्रस्तुति स्वाभाविक रहेको छ । उनको द्वन्द्व पुराना मूल्य र नयाँ मूल्य, पुरानो पुस्ता र नयाँ पुस्ताका बीचको वैचारिक द्वन्द्व देखिन्छ। पेशागत, कार्यगत र विरोधी विचारका बीचको द्वन्द्व पनि यिनका कथामा पाइन्छ। स्त्री पुरुषको अह्मको द्वन्द्व सत् असत्को द्वन्द्व र नैतिक अनैतिक बीचको द्वन्द्व यिनका कथामा पाइन्छ। रैखिक तथा वृत्ताकारीय ढाँचामा लेखिएको प्रस्तुत कथाको कथानक सुगठित र व्यवस्थित देखिन्छ। रेग्मीको उत्तरार्द्धको चरणमा लेखिएको यस कथाको बस्तुविन्यास लचिलो, कसिलो, सुगठित र व्यवस्थित देखिन्छ ।

**कुमार ज्ञवाली (१९९३-२०६५)**

कुमार ज्ञवाली नेपाली साहित्यको यथार्थवादी धाराका विशिष्ट व्यक्तित्व हुन्। आख्यान तथा साहित्यका अन्य विधाहरूमा समेत कलम चलाउने ज्ञवाली स्थापित कथाकारका साथै उपन्यासकार हुन् । सामाजिक यथार्थवादी कथाकार कुमार ज्ञवालीका कथाहरू सामाजिक परिवेशलाई नै केन्द्रविन्दु बनाएर लेखिएको पाइन्छ। सामाजिक राजनैतिक तथा अन्य क्षेत्रमा देखिएका विसङ्गति पक्ष चित्रण गरिएका उनका कथामा मानवजीवनका यावत घटना र सन्दर्भहरू गाँसिएका पाइन्छन् । समकालीन समाजको यथार्थ चित्र समेत उनका कथामा पाइन्छ । उनका अधिकांश कथामा वर्तमान परिस्थितिमा मानिसले भोग्नुपरेका दुर्नियतको चित्रण गरिएको छ। उनले यौन मनोविज्ञान कथाहरू पनि लेखेका छन्। मान्छेका द्वैध चरित्रको उद्घाटन गर्नु पनि उनका कथाहरूको मुख्य विशेषता हो। मान्छे भित्रका करुणा, दया, माया, इर्ष्या, सुख, दुःख, कुण्ठा आदि विविध संवेगहरूलाई पनि सटिक रूपमा चित्रण गरिएको पाइन्छ। उनले साधारण पक्षलाई केलाउँदै मर्मस्पर्शी क्षणको चित्रण आफ्ना कथाहरूमा गरेका छन्।

कथाकार कुमार ज्ञवालीको 'बन्दी जीवन' २०४८ कथासङ्ग्रहमा सङ्कलित 'वैभवको पीडा' उनको एक उत्कृष्ट कथाकारूपमा देखापर्छ । यस कथामा विगतको व्यवस्थाबाट

पीडित भई स्वतन्त्रताको चाहना गर्दा भयावह भीडन्त भएको देखाएका छन् । विद्यमान समाजको अवस्था भौगोलिक कठिनाई दयनीय व्यवस्था आदि कुराले कथालाई मार्मिक बनाएको छ । वैभवको पीडा कथाकार ज्ञवालीको चिन्तनप्रधान कथा हो । प्रस्तुत कथाको आङ्गीक विकास स्वाभाविक ढङ्गबाट भएको छ । यौनजन्य चाहना एवम् वैभव र त्यसको उपयोग गरेर सन्तुष्ट भनेको समाजका थुप्रै मानिसप्रति म पात्रको चिन्तन केन्द्रित रहेको पाइन्छ । एकातिर सोमालियामा खान नपाएर पौष्टिकताको कमीले दयनीय बनेको मानिसको वर्णन गरिएको छ भने अर्कातर्फ सम्पत्तिको सुरक्षाका लागि कुकुरको सहारा लिएर हिड्ने उदास मुहार भएका मानिसलाई देखाइएको छ । मानिसको दुःख र संवेदनशील जीवनलाई कथामा प्रस्तुत गरिएको छ । पैसा भए युवावस्था पनि आनन्द हुने र पैसा नभए अत्यन्त कष्टप्रद हुने कुरालाई मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको छ । वैभवले शारीरिक बौद्धिक वा मांसल प्रेममा वृद्धि भएपनि मानसिक सन्तुष्टि र आनन्द भने प्राप्त हुन नसक्ने कुराको यथार्थतालाई उजागर गरिएको छ । वैभवबाट प्राप्त हुने आनन्ददायी जीवन र मानसिक सन्तुष्टिबाट आनन्ददायी बन्ने जीवन वीचको वैचारिक द्वन्द्व यस कथामा पाइन्छ । वैचारिक चिन्तनको सशक्त प्रस्तुतिले कथा सुगठित र गतिशील बन्न पुगेको छ । वृत्ताकारीय ढाँचामा लेखिएको यस कथामा म पात्रका माध्यमबाट तथ्य प्रस्तुत गरिएको छ । आन्तरिक दृष्टिबिन्दु म पात्रको अनुभूति संवेग, चिन्तन र परिवेशीय यथार्थताको प्रस्तुतिले कथा सशक्त बन्न पुगेको छ । व्यवस्थित सुगठित सरल सहज र स्वाभाविक प्रस्तुतिको संयोजनले कथावस्तुको वस्तुविन्यास पक्ष सबल बन्न पुगेको छ ।

**हरिहर खनाल (२००३)**

कविता विधाबाट साहित्यिक यात्रा प्रारम्भ गरेका हरिहर खनाल नेपाली कथाको यथार्थवादी प्रगतिवादी धाराका सशक्त व्यक्तित्व हुन् । उनका कथाहरूमा ग्रामीण जीवनको यथार्थ चित्रण पाइन्छ । सर्वहारा वर्गको वर्गीय सङ्घर्ष, शोषित, पीडित जनताको मुक्तिको चाहना, व्यङ्ग्य, विद्रोह, युगीन राजनीतिक विकृति तथा विसङ्गतिको चित्रण उनका कथामा पाइने मूल प्रवृत्ति हुन् । आर्थिक समस्याग्रस्त निम्नवर्गीय जनजीवनको चित्रणमा उनका कथाहरू केन्द्रित देखिन्छन् । सामाजिक असमानता कुप्रवृत्ति र धर्मान्धतालाई पनि उनका कथाले दर्शाएका छन् । वर्गीय चरित्रको प्रस्तुति उनका अधिकांश कथामा पाइन्छ । उनले पञ्चायती व्यवस्थाका विकृति र विसङ्गति मान्छेको पतनोन्मुखी चरित्र र दुष्प्रवृत्तिलाई पनि उजागर गरेका छन् । बहुमुखी प्रतिभाका धनी खनालको साहित्यिक क्रियाशीलता उर्जाशील

देखिन्छ । यिनले आधुनिक नेपाली कथामा विशिष्ट योगदान पुऱ्याएका छन् र २०४६ सालपछिको समकालीनतालाई यिनले आफ्ना कथाहरूमा उत्कृष्टताका साथ प्रस्तुति गरेका छन् ।

'हरिहर खनालका कथासङ्ग्रह' भित्रका कथाहरूमा आफ्नै जीवनको यथार्थ भोगाइ, राजनीतिक सङ्गतिहीनता, वैचारिकता, क्रान्तिधर्मिता, युगीन यथार्थको प्रकटीकरण, द्वन्द्वजन्य परिस्थिति आदि कुराहरू नै अन्तर्वस्तुका रूपमा आएको देखिन्छ । यिनको कथानकको स्रोत सामाजिक यथार्थ मूलक रहेको पाइन्छ । यिनका प्रारम्भिक कथाहरूमा वर्ग द्वन्द्वलाई प्रमुखरूपमा देखाएर अन्याय, अत्याचार, शोषण, दमनको विरोध गरिएको पाइन्छ भने उत्तरार्द्धतिरका कथाहरूमा वैचारिक घनत्व छ, त्यस वैचारिक घनत्वलाइ युग सापेक्ष र परिवेश सापेक्ष बनाएर प्रस्तुत गरेका छन् । यिनका कतिपय कथाहरूमा बिदेशी परिवेशको पनि चित्रण हुनाका साथै युद्धजन्य परिस्थितिले जन्माएका विकराल चित्रण गर्दै युद्धले विनासलाई निम्त्याउँछ भन्ने भावना दर्शाइएको छ । यसरी यिनका कथा स्वदेशी परिवेश हुँदै बिदेशी परिवेशसम्म पुगेका देखिन्छन् । कथानकको आङ्गीक विकासका क्रममा आदि हुँदै मध्य र अन्त्यको क्रम स्वाभाविक ढङ्गबाट अगाडि बढेको पाइन्छ । आरम्भ र विकास हुँदै उत्कर्षसम्म पुग्दा पाठकहरूमा उत्सुकता, जिज्ञासा र खुल्दुलीको भाव उत्पन्न गर्न यिनका कथा सफल देखिन्छन् । कथानकको अपकर्ष हुँदै अन्त्यको प्रस्तुतिले पाठकका भावनाभूतिलाई पूर्ण सन्तुष्ट बनाउन सफल बनेका छन् । समकालीन युग जीवनका भोगाइलाई व्यक्त गर्ने उनका सबै कथा रैखिक ढाँचामा लेखिएका भएपनि परिवेश घटना र पात्रको सन्तुलित संयोजन उनका कथामा पाइन्छ । कलात्मक मूल्यका दृष्टिले पनि उनका कथा प्रभावपूर्ण र उत्कृष्ट छन् । सामाजिक यथार्थमूलक कथानक स्रोत वर्गीय द्वन्द्वको कुशल र कलात्मक संयोजन कथानकको स्वाभाविक विकासक्रम रैखिक कथानक ढाँचा, सुगठित, सरल, सहज भाषाशैली, कलात्मक प्रस्तुति आदि वस्तुविन्यासगत संयोजनले यिनका कथा सफल देखिन्छन् ।

**नारायण ढकाल**

कथाकार नारायण ढकाल (बि.सं. २०१०) साहित्य र राजनीति दुबै क्षेत्रमा सक्रिय रूपमा देखापरेका एक सशक्त प्रतिभा हुन् । उनका कथाले समकालीन कथाको कला चेतनालाई अझ नयाँ दिशा प्रदान गरेका छन् । विशेषगरी नेपाली कथाफाँटमा सशक्तरूपले उपस्थित हुँदै नवीन चिन्तनको बीजारोपण उनले गरेका छन् । समाजमा जरो गाडेका वर्गीय चिन्तन,

अन्याय, अत्याचार, अन्धविश्वास, शोषण र उत्पीडन जस्ता कुरालाई जरैदेखि निमिट्यान्न पार्नका निम्ति सक्रिय बन्नुपर्ने सन्देश कलात्मक ढङ्गबाट प्रस्तुत गरेका छन् । समाजका आर्थिक र राजनीतिक, सांस्कृतिक र नैतिक विसङ्गतिलाई सन्तुलित ढङ्गले आलोचना गर्ने र असङ्गत विसङ्गत पक्षलाई कटुपाराले आलोचना गर्दै विकृति निराकरण गर्ने प्रयत्न यिनका कथाहरूमा भएको छ । गाउँदेखि सहरसम्म र राष्ट्रदेखि अन्तर्राष्ट्रिय स्तरसम्म सरलता देखि जटिलतासम्मका विषम अवस्थाको प्रस्तुति यिनका कथामा भएको पाइन्छ । समाजवादी यथार्थवादी धारा अन्तर्गत कलम चलाएका नारायण ढकालका कथाहरूमा वर्गीय शोषण, अन्याय, अत्याचार, असमानता आदि विकृति र विसङ्गतिप्रति तीव्र असन्तुष्टिका भावना प्रकट गरेका छन् । पछिल्लो समयका उनका कथाले परम्परावादी मार्क्सवादी प्रवृत्तिलाई परित्याग गरी उदार मार्क्सवादी वैचारिक चेतनालाई अङ्गीकार गरेको देखिन्छ । युगीन सामाजिक, राजनीतिक, सङ्गतिहीनता र नकारात्मकताको विरुद्ध शिष्ट आक्रोश समेत व्यक्त गरेका छन् । मानवतावादी दृष्टिकोण र निम्नवर्गप्रतिको सहानुभूति उनका कथामा पाइने अर्को प्रवृत्ति हो । युगीन विश्व समस्याको अभिव्यक्तिसमेत उनका कथामा पाइन्छ । सशस्त्र द्वन्द्वजन्य प्रभावको अभिव्यक्ति, पञ्चायतकालीन राज्यव्यवस्थाका विकृति, विसङ्गतिलाई देखाउनुका साथै व्यङ्ग्यसमेत गरिएको पाइन्छ ।

कथाकार नारायण ढकालको 'आत्महन्ता' (२०६२) कथासङ्ग्रह भित्रका केही कथाहरू अन्तर्वस्तुका दृष्टिले मात्र नभई शैलीय दृष्टिले पनि केही पृथक र प्रयोगपरक छन् । 'आत्महन्ता' भित्रका केही कथाहरूमा सशस्त्र द्वन्द्वजन्य प्रभाव र युगीन त्रासदीको बिम्बहरू पनि छन् । सामाजिक, राजनैतिक विशेष क्षेत्रलाई आत्मसात गरेर यथार्थ मूलक कथा लेखेका छन् । उनका कतिपय कथामा मान्छेका बाह्य आन्तरिक द्वन्द्वका साथै तिनका क्रिया प्रतिक्रियालाई प्रस्तुत गरिएको छ । मानिसका वैयक्तिक कमजोरीप्रति पनि व्यङ्ग्य गरिएको छ । उनका कथाहरूमा कथाकारको आङ्गीक विकास आरम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको शृङ्खलालाई स्वाभाविक ढङ्गबाट प्रस्तुत गरिएको छ । सामाजिक, राजनैतिक समस्या र ग्रामीण तथा शहरी परिवेशको चित्रण, नवीन मूल्यमान्यताप्रतिको झुकाव, सामन्ती, संस्कार र आर्थिक असमान्ताप्रति व्यङ्ग्यलाई आदि, मध्य र अन्त्यको कुशल संयोजनद्वारा प्रस्तुत गरिएको छ । कथाको नविनता र संरचना तथा शैलीमा केही पृथकता उनका कथामा स्पष्ट देख्न सकिन्छ । सरल तर बिम्बरूप भाषाशैलीमा लेखिएका उनका कथा रैखिक ढाँचामा लेखिएका छन् । वस्तुविन्यासगत दृष्टिले उनका कथा सुगठित र सबल देखिन्छन् ।

**भागीरथी श्रेष्ठ (२००५)**

कथाकार भागीरथी श्रेष्ठ (२००५) आख्यान विधामा महत्त्वपूर्ण योगदान दिने एक सशक्त नारी हस्ताक्षर हुन्। कथा विधाबाट नै आफ्नो साहित्यिक यात्रा आरम्भ गरेकी भागीरथी श्रेष्ठ नेपाली साहित्यमा स्थापित नाम हो । समाजमा घट्ने विभिन्न घटनालाई विषयवस्तु बनाएर कथा सिर्जना गर्ने श्रेष्ठ मूलतः सामाजिक यथार्थवादी कथाकार हुन् । सामाजिक, राजनीतिक सन्दर्भका घटना तथा विषयलाई कथ्यरुप दिने श्रेष्ठका कतिपय कथाहरू मनोवैज्ञानिक धरातलमा लेखिएका छन् । मानवीय संवेदनालाई प्रमुखरूपमा स्थापित गराई लेखिएका उनका कथामा समाजका विभिन्न समस्यालाई दर्शाइएको छ । चरित्र भन्दापनि घटनाप्रधान कथा लेख्न रूचाउने श्रेष्ठका कथा वर्णनात्मक शैलीमा लेखिएका छन् । उनका कतिपय कथामा यौनमनोविज्ञान पाइन्छ भने कतिपय कथामा प्रगतिशील चेतना पनि पाइन्छ । नारी जीवनका समस्या वैधव्य पीडा, मातृत्व पीडा, आर्थिक असमानताले जस्ता विषयलाई अभिव्यक्त गरेकी छन्। उनका कथामा सुधार र परिष्कारको भावना पाइन्छ। पुरानो पुस्ता र नयाँ पुस्ताका बीचको सङ्कट र द्वन्द्वलाई सशक्त रुपमा देखाइएको छ । वर्तमान समयमा विकृतपक्ष मानवीय विकृति उनका कथामा पाइने विशेषता हुन् । परम्परित मूल्य मान्यता र सिद्धान्तअनुरूप लेखिएका उनका कथा सरल रोचक र सन्देशमूलक छन्। कथात्मक भाषाको प्रयोग, परिपुष्ट कथानक, यथोचित बिम्ब र प्रतीकहरूको संयोजन भागीरथी श्रेष्ठका कथागत वैशिष्ट्य हुन् ।

सामाजिक यथार्थवादी कथाकार भागीरथी श्रेष्ठद्वारा लिखित 'भूमिगत' (२०६२) सामाजिक राजनैतिक विषयवस्तुमा आधारित यथार्थमूलक कथा हो । यिनका पूर्वार्द्धका केही कथाहरूमा घटना, परिवेश, पात्र र भाषाका बीच त्यति सन्तुलन पाइदैंन भने उत्तरार्धका सबै कथामा यी सबै कुरामा सन्तुलन पाइन्छ। युगीन राजनीतिक, सामाजिक, आर्थिक आदि क्षेत्रमा देखिएका सङ्गतिहीनतालाई कथानकको विकासका क्रममा आदि (प्रारम्भ), विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको श्रृङ्खला मिलाएर प्रस्तुत गरिएको छ। राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा देखिएका विकृति, विसङ्गतिलाई द्वन्द्वात्मक रूपमा प्रस्तुत गरिएको छ । वर्गीय द्वन्द्व, पुरानो पुस्ता र नयाँ पुस्ताबीचको वैचारिक द्वन्द्वात्मक क्रियाबाट कथावस्तु अगाडि बढेको छ । विभिन्न बिम्ब प्रतीकहरूको प्रयोग रैखिक कथानक ढाँचामा कथा प्रस्तुत भएको छ । सांस्कृतिक चेतना, सुधारको सन्देश, नारी समस्या, मातृत्वभाव आदि दृष्टिले पनि उनका कथा उच्चस्तरका छन् । सुगठित कथानक, पात्रहरूका बीचको द्वन्द्वात्मक अवस्था, स्वाभाविक

आङ्गीक विकास, कथानकको रैखिक ढाँचा आदि कथागत उपकरणले गर्दा वस्तुविन्यासका दृष्टिले भूमिगत कथा सबल देखिन्छ ।

**विजय चालिसे (२००८)**

विजय चालिसे (२००८) नेपाली कथाका क्षेत्रमा देखापरेका समसामयिक धाराका सशक्त र प्रभावशाली कथाकार हुन् । विविध विधामा कलम चलाउने साहित्यकार विजय चालिसे कथाविधामा स्थापित नाम हो । प्रगतिवादी कथाकार विजय चालिसेका कथाहरूमा मार्क्सवादी वैचारिक चिन्तनका साथै वर्गीय चित्रण गरिएको पाइन्छ । यिनका कतिपय कथामा युगीन यथार्थको प्रकटीकरणसमेत भएको छ । संवेदनात्मक स्थितिको चित्रण र समकालीन नेपाली सामाजिक तथा राजनीतिक परिस्थितिको विसङ्गत पक्षको चित्रण पनि यिनका केही कथामा पाइन्छ । परम्परावादी सोच र पुरातन संस्कारमाथि व्यङ्ग्य गरेर लेखिएका उनका अधिकांश कथामा विकृत राजनीतिक अवस्थाको चित्रणसमेत गरिएको छ । समाजका विविध पक्षलाई प्रस्तुत गर्दै मानवीय द्वन्द्वको सशक्तरूपमा चित्रण गर्ने कथाकार चालिसे विद्रोही चेतना भएका कथाकारका रूपमा देखापर्दछन् । कलात्मक र प्रभावकारी भाषामा लेखिएका उनका कथामा गरिबीको पीडा, नारीले भोग्नु परेको परतन्त्रता, आर्थिक विपन्नता, भ्रष्ट नेताहरूको चरित्र जस्ता अन्तर्वस्तु समेटिएका देखिन्छन् ।

कथाकार विजय चालिसेको 'भग्न आस्थाको खण्डहर' (२०५६) राजनीतिक यथार्थमूलक विषयवस्तुलाई पृष्ठभूमि वा आधार बनाएर लेखिएको कथा हो । मानवीय जीवन र संघर्षका विविध पाटालाई दार्शनिकरूपबाट हेर्दै लेखिएको चालीसेको कथामा युगबोध, सामाजिक समयको पीडा र आक्रोश व्यक्त भएको छ । राजनैतिक परिवर्तन पश्चात् पनि समाजमा देखिएको विकृति, विसङ्गति, भ्रष्टचरित्र मनोवृत्तिले सिर्जना गरेको अवस्थालाई द्वन्द्वात्मकरूपमा प्रस्तुत गरिएको छ । कथानकको आङ्गीक विकासका रूपमा आरम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको शृङ्खलालाई कथाकारले कलात्मक ढङ्गले संयोजन गरेका छन् । कथानकको अभिव्यक्ति ढाँचा रैखिक ढाँचाबाट भएको छ । राजनीतिक विषयमा केन्द्रित भएर लेखेका केही कथा वृत्ताकारीय ढाँचाका पनि छन् । समाजका विसङ्गत पक्षलाई कथानकको रूपमा ग्रहण गरिएको छ । घटना, पात्र, परिवेश र भाषाका बिचको सन्तुलनका दृष्टिले उनका केही कथाहरू दुर्बल देखिएका छन् । वस्तुविन्यासको दृष्टिले चालिसेका अधिकांश कथा सबल, सशक्त र सुगठित देखिन्छन् ।

**ऋषिराज बराल (२००९)**

ऋषिराज बराल (२००९) नेपाली साहित्यको प्रगतिवादी कथाका क्षेत्रमा सशक्त कथाकारका रूपमा स्थापित छन् । साहित्य, राजनीति, संस्कृति, मार्क्सवादी सौन्दर्यशास्त्र र दर्शनमा मार्क्सवादी दर्शन र उत्तर आधुनिकतावादी दर्शन जस्ता विषयको गहनअध्येता बरालका कथाले बिशेष गरी वर्गीयचेतना र वर्ग संघर्षका मूल प्रवृत्तिलाई दर्शाएका छन् । उनका प्रारम्भिक चरणका कथाहरू सामाजिक यथार्थ र आलोचनात्मक दृष्टि चेतनायुक्त भएपनि पछिल्लो चरणका कथाहरू मार्क्सवादी वैचारिक चिन्तनमा आधारित देखिन्छन् । लोकतन्त्र, गणतन्त्र प्राप्तिपछि यिनले मूलतः राजनीतिक, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएका कथा लेखेका छन् । यिनका कथामा सामाजिक यथार्थ र प्रगतिवादी दृष्टिकोण दुवैको प्रभाव देखिन्छ । सशस्त्रद्वन्द्व वा जनयुद्धका सन्दर्भसँग गाँसिएका र यसै सन्दर्भका अन्तर्वस्तुमा केन्द्रित देखिन्छन् । भूमिगत जीवनकालमा लेखिएका उनका कथा सशस्त्र छापामार संघर्षका विषयवस्तुमा केन्द्रित छन् र त्यसअनुरुप चरित्रविन्यास पनि गरेका छन् । बरालको कथा समकालीन कथालेखनका क्षेत्रमा उचाइ चुम्न सफल देखिन्छन् ।

समकालीन कथाकार ऋषिराज बरालको 'बरालका प्रतिनिधि कथा' (२०६७) उनका पूर्वप्रकाशित र केही नयाँ कथाहरू समावेश गरी तयार पारिएको प्रतिनिधिमूलक कथासङ्ग्रह हो । यिनका सबै कथाहरू वैयक्तिक भन्दा पनि सामाजिक पृष्ठभूमिमा लेखिएका छन् । समाजवादी चिन्तनमा जनता सङ्गठित भएर सामन्ती र पुँजीवादी व्यवस्था विरुद्ध खनिएका र सामन्तहरूले जनताका सामु घुडा टेकेको यथार्थलाई उजागर गरेका छन् । बरालका कथा काल चेतना, युग चेतना र सौन्दर्य चेतनाका दृष्टिले सशक्त देखिन्छन् । यिनका कथामा वर्गसंघर्षको द्वन्द्वलाई कलात्मक संयोजन गरेर प्रस्तुत गरेका यिनका कथामा पाइने द्वन्द्वात्मक क्रिया भनेको वर्गसंघर्ष हो । सामाजिक विषयवस्तुलाई पृष्ठभूमि बनाएर लेखिएका उनका कथाहरूमा कथानकको आङ्गीक विकास स्वाभाविकभन्दा प्रायोजित देखिन्छन् । यिनका केही कथाको आरम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको श्रृङ्खलामा विचलन देखिएको छ । कथाका पात्रहरू पनि परम्परित नै देखिन्छन् । बरालका कथाहरू रैखिक ढाँचामा लेखिएका छन् । यिनका केही कथाहरूको घटना र चरित्रको विन्यासमा त्यति सन्तुलन नदेखिएपनि अन्तर्वस्तु वा घटना र कलापक्ष बीचको कुशल संयोजनका दृष्टिले उनका कथाहरूको वस्तुविन्यास पक्ष अत्यन्तै सबल देखिन्छ ।

**इस्माली (२०१२)**

इस्माली (२०१२) उपनामबाट परिचित महेश्वर पौडेलले साहित्यका विभिन्न विधामा कलम चलाए पनि मूलतः आख्यानकारका रूपमा परिचित छन् । इस्माली समकालीनधाराका सशक्त कथाकार हुन् । वर्गीय असमानताका कारण उत्पन्न विषमताको चित्रण उनले आफ्ना कथाहरूमा गरेका छन् । प्रारम्भिक चरणका उनका कथाहरूमा समसामयिक यथार्थको प्रस्तुति भएपनि परिष्कृत भने हुन सकेका छैनन् । उनका कथामा समकालीन चेतना, युगबोधका साथै वर्तमान समयमा देखापरेका नवीन यथार्थलाई प्रस्तुत गरिएको छ । तराईको जनजीवन र समाजका विविध यथार्थहरू कृषि, मजदुरका समस्या, सांस्कृतिक पक्षको चित्रण र सुकुम्बासी समस्या जस्ता विषयवस्तु उनका कथामा केन्द्रीय कथ्यका रूपमा आएका देखिन्छन् । समकालीन यथार्थलाई विषयबस्तु बनाएर प्रगतिवादी दृष्टि चेतनाका साथ कथा लेख्ने इस्मालीका कथाहरू कलात्मक मूल्यका दृष्टिले पनि सबल देखिन्छन् । मार्क्सवादी बैचारिक चिन्तनबाट प्रभावित प्रगतिवादी कथाकार भएपनि उनका कतिपय कथामा वैचारिक चेतनाभन्दा सामाजिक चेतना प्रबलरूपमा देखापरेको छ । सामाजिक कुसंस्कार, विकृति, विसङ्गति, आर्थिक विषमता, सशस्त्रद्वन्द्व सन्दर्भ आदि अन्तर्वस्तु उनका कथामा पाइन्छन् । युगीन यथार्थको प्रकटीकरणका दृष्टिले उनका कथा प्रभावकारी छन् ।

कथाकार इस्मालीको ‘इस्मालीका प्रतिनिधि कथाहरू’ (२०६७) प्रतिनिधिमूलक कथा सङ्ग्रह हो । सन्देशमूलक कथा लेख्ने इस्मालीका कथानकको स्रोतका रूपमा केही कथाहरू स्वैरकल्पनात्मक र पत्रात्मक शैलीका पनि देखिन्छन् । कथानकको आवश्यक उपकरणका रूपमा रहेका द्वन्द्वात्मक क्रिया आदिको संयोजन भएको पाइन्छ । सामाजिक यथार्थमूलक उनका कथाहरूले समाजमा विद्यमान असङ्गत र विसङ्गत विविध पक्षको जीवन्त चित्रण प्रस्तुत गरेका छन् । कथानकको आङ्गीक विकास आरम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको शृंखलालाई विषयानुकूल प्रस्तुत गरिएको पाइन्छ । उनका केही कथाहरू वृत्ताकारीय कथानक ढाँचामा लेखिएका पाइन्छन् भने अधिकांश कथाहरू रैखिक ढाँचामा लेखिएका छन् । रोचकता र कौतुहल सिर्जना गराउने उनका कथा भाषिक दृष्टिले पनि सरल र सहज देखिन्छन् । उनका पछिल्लो समयका कथाहरू संख्यात्मक तथा गुणात्मक दुवै दृष्टिले महत्त्वपूर्ण देखिन्छन । उनका सबै कथाहरू शैलीगत दृष्टिले भने समान किसिमका देखिन्छन् । पात्रहरूका आन्तरिक र बाह्‍य द्वन्द्वलाई प्रभावकारी ढङ्गले चित्रण गरिएका उनका कथाहरू संवादात्मक र वर्णनात्मक

दुबै किसिमका छन् । प्रगतिवादी चेतना दृष्टिले हेर्दा यिनका कथाहरूको वस्तुविन्यास पक्ष सुगठित र सबल देखिन्छ ।

**चन्द्रकला नेवार (१९९९)**

चन्द्रकला नेवार (१९९९) साहित्यका क्षेत्रमा क्रियाशील नारी हस्ताक्षर हुन् । उनी कथाविधाका अतिरिक्त गीत तथा कविता रचनामा समेत अग्रणी देखिन्छिन् । चन्द्रकला नेवार सामाजिक यथार्थवादी कथाकार हुन् । उनका अधिकांश कथाहरू नारी विषयमा केन्द्रित देखिन्छन् । नारीले भोग्नुपरेका विभिन्न प्रकारका पीडा र शोषणलाई सरल भाषाशैलीमा प्रस्तुतगर्न सिपालु नेवारका कथा भावुक प्रवृत्तिका देखिन्छन् । उनले नारी मनोदशाको चित्रका साथै नारीहरूको विवशतालाई प्रस्तुत गरेकी छन् । नारीलाई सहनशील, निमुखा र अवलाका रूपमा चित्रण गरिएको छ । सरल सहज भाषाशैलीमा लेखिएका उनका कथा उच्चस्तरका देखिन्छन् ।

चन्द्रकला नेवारद्वारा लिखित 'साँगुरो धरातल' (२०६२) कथासङग्रहमा सङकलित कथाहरूमा नवीन प्रवृत्ति देख्न पाइन्छ । उनले सामान्य विषयवस्तुलाई र घटनाक्रमलाई पनि रोचक र मार्मिक तरिकाले प्रस्तुत गरेकी छन् । उनका कथाहरू सामाजिक यथार्थमूलक धरातलमा रहेर लेखिएका छन् । उनका अधिकांश कथाहरूमा पुरुषको प्रतिकूल चरित्रलाई प्रस्तुत गर्नुका साथै नारीका पीडा, कुण्ठा, असन्तुष्टि र विवशताको चित्रण पाइन्छ । नारी र पुरुषका बीचको वैचारिक द्वन्द्वले कथानकलाई सशक्त बनाएको छ । कथानकको आङ्गीक विकासक्रमलाई हेर्दा यिनका प्रारम्भिक चरणका कथाहरूमा कथानक फितलोरूपले अगाडि बढेका देखिन्छन् । पछिल्लो चरणमा लेखिएका कथाहरूमा कथानकको विकास प्रबल र प्रभावकारी ढङ्गले अगाडि बढेको पाइन्छ । प्रथम चरणको तुलानामा निकै परिष्कृत परिमार्जित र यथार्थपरक छन् । कथानकको आङ्गीक विकासका क्रममा आरम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको श्रृङ्खला गतिशील ढङ्गले अगाडि बढेको पाइन्छ । नारी समस्यालाई नै केन्द्रविन्दु बनाएर लेखिएका यिनका कथा रैखिक ढाँचामा अगाडि बढेका छन् । नारी समस्याको प्रस्तुति, वैयक्तिक पारिवारिक घटनाको संयोजन, कलात्मक र सुगठित भाषाशैली, वस्तुविन्यास आदि विशेषताले यिनका कथा विशिष्ट बन्न पुगेका छन् ।

**पूर्णविराम (२०१०)**

पूर्णविराम (२०१०) आधुनिक नेपाली कथा साहित्यको प्रगतिवादी धाराका सशक्त कथाकारका रूपमा चिनिन्छन् । मार्क्सवादी वैचारिक चिन्तनलाई आत्मसात गरेर नेपाली जीवन र समाजका सूक्ष्म पक्षलाई प्रस्तुत गरी कथा लेख्ने पूर्णबिरामका कथाहरूमा सामाजिक यथार्थको अभिव्यक्ति पाइन्छ । उनका प्रारम्भिक चरणका कथाहरूमा समाजका बेथिति, राजनीति एवं सामाजिक क्षेत्रमा देखिएका विकृति, प्रणयपरक चेतना, मान्छेको दयनीय स्थिति, निस्सारता र विसङ्गतिलाई प्रस्तुत गरिएको पाइन्छ । पछिल्लो चरणमा लेखिएका कथाहरू प्रारम्भिक चरणको तुलनामा परिस्कृत र विषय एवम् यथार्थको सन्तुलनका दृष्टिले प्रभावी देखिन्छन् । सामाजिक शोषण, अन्याय, अत्याचार, विषमता आदिको विरोधका साथै पञ्चायती व्यवस्थाका सङ्गतिहीनता र वर्गीय दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । पारिवारिक जीवनका समस्या, देशप्रेमको भाव, स्वतन्त्रता, जनअधिकार, समानता, वर्गीय द्वन्द्व, अन्धसंस्कारको विरोध, क्रान्ति र विद्रोही चेतना उनका कथामा पाइने अन्तर्वस्तु हुन् । सामाजिक यथार्थवादी प्रवृत्तिबाट कथा लेखन आरम्भ गरी मार्क्सवादी वा समकालीन वैचारिक चिन्तनको गहिराईसम्म पुगेर कथा लेख्ने कथाकारका रूपमा यिनी देखापर्दछन् ।

समकालीन कथाकार पूर्णविरामद्वारा लिखित ‘पानीमाथि पानी’ (२०४४) कथासङ्ग्रहभित्र दशवटा कथा सङ्ग्रहित छन् । यिनका कथाहरू मार्क्सवादी वैचारिक दृष्टिले अझ सशक्त बनेका देखिन्छन् । यिनका कथाहरूको कथानकको स्रोत सामाजिक यथार्थमूलक रहेको पाइन्छ । तत्कालीन पञ्चायती व्यवस्थाका अव्यवस्था, गरिबी, अभाव, विपन्नता, सामाजिक सांस्कृतिक चेतना, सामाजिक परिवर्तनको चाहना, जनअधिकारको खोजी, क्रान्तिबाट शान्ति ल्याउने चाहना आदि अन्तर्वस्तु यिनका कथामा पाइन्छ । तत्कालीन शासनव्यवस्थाप्रतिको विद्रोह र परिवर्तनको चाहनाबीचको द्वन्द्वात्मक क्रियाले कथावस्तु अगाडि बढेको पाइन्छ । कथानकको आङ्गीक विकास सशक्तरूपले अगाडि बढेको छ । तत्कालीन शासन व्यवस्थाको अस्तब्यस्तताको प्रस्तुतिसँगै कथानकको विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको श्रृङ्खला कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको पाइन्छ । रैखिक कथानक ढाँचामा लेखिएका उनका कथाहरूले समकालीन नेपाली समाजको जीवन्त चित्र प्रस्तुत गरेका छन् । सरल, सहज, भाषिक अभिव्यक्ति, सुगठित, वस्तुविन्यास आदिले यिनका कथा विशिष्ट बन्न पुगेका छन् ।

**माया ठकुरी (२००४)**

नेपाली कथा साहित्यका क्षेत्रमा माया ठकुरी (२००४) स्थापित नाम हो । हार्दिक पक्षको प्रबलता पाइने माया ठकुरीका कथाहरू नारी समस्यामा केन्द्रित देखिन्छन् । स्वच्छन्दतावादी प्रवृत्तिलाई अङ्गीकार गरेर लेखिएका उनका कथामा आदर्शको स्थापनामा जोड दिइएको पाइन्छ । उनका अधिकांश कथा नारीको जीवन भोगाइ, नारी समस्या र नारीहरूको पीडा र वेदनामा केन्द्रित छन् । नारीहरूले भोग्नुपरेका पीडाजन्य व्यवहार विवशता र बाध्यतालाई कलात्मकरूपमा प्रस्तुत गरेकी छन् । नारी समस्यामूलक सामाजिक र विविध घटनाहरूको चित्रण हार्दिकता सुधारवादी चेतना उनका कथामा पाइने विशेषता हुन् । माया ठकुरीका कथामा मूलतः नारी संवेदनाले केन्द्रीय अन्तर्वस्तुको स्वरूप प्राप्त गरेका छन् । समकालीन युगलाई चिनेर तदनुरूप पात्रहरूको छनौट गरी प्रस्तुत गर्ने कलाले माया ठकुरीको कथाकार व्यक्तित्व मुखरित बनेको पाइन्छ ।

माया ठकुरी सामाजिक यथार्थवादी कथाकार हुन् । 'प्रियंवदा' (२०६८) कथासङ्ग्रहभित्रका उनका कथाले समकालीन नेपाली कथासाहित्यको प्रतिनिधित्व गरेका छन् । परम्परागत शैलीमा आधारित भएर लेखिएका उनका कथाहरूको अन्तर्वस्तु चयनमा भने नवीनता देखिन्छ । यिनले कथानकको स्रोतका रूपमा सामाजिक यथार्थमूलक कथानकलाई ग्रहण गरेर कथा लेखेको पाइन्छ । पुरुषप्रधान समाजमा नारी र पुरुषका वीचको वैचारिक भिन्नताको द्वन्द्वले तिनका कथालाई गतिशील बनाएको पाइन्छ । कथाको अन्तर्वस्तुको चयनमा नवीनता देखिएपनि कथानक आङ्गीक विकासमा भने आरम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको श्रृङ्खला स्वाभाविक, प्रभावकारी र आकर्षक ढङ्गबाट अगाडि बढेको पाइन्छ । पुरुष प्रताडित नारीका भावना भोगाइको अनुभूति र विसङ्गतिका अनेकौं बिम्बहरू अन्तश्चेतनाभित्र रहने कुरा व्यक्त गरिएको छ । नारी संवेदनाले केन्द्रीय अन्तर्वस्तुको स्वरूप प्राप्त गरेका छन् । माया ठकुरीका कथाहरू रैखिक कथानक ढाँचामा लेखिएका पाइन्छन् । यिनका कथामा युगीन यथार्थलाई अभिव्यक्त गरिएको पाइन्छ र समकालीन राजनीतिक सामाजिक सङ्गतिहीनताबाट पनि उनका कथा अनुप्राणित बनेका देखिन्छन् । सुगठित र व्यवस्थित कथामा सरल, सहज, भाषिक अभिव्यक्ति, वस्तुविन्यासले युक्त यिनका कथा समकालीन कथामा उत्कृष्ट नमुना बन्न पुगेका छन् ।

**कपिल लामिछाने (२०१५)**

कथाकार कपिल लामिछाने (२०१५) सामाजिक यथार्थवादी समकालीन कथाकार हुन् । समाजका विविध सन्दर्भ तथा मानिसले भोगेका परिस्थितिहरूलाई उनले कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । उनका प्रारम्भिक चरणका कथाहरूमा निम्नवर्गीय मानिसहरूको जीवन भोगाइ, आर्थिक समस्या तथा शोषण र उत्पीडनहरूको चित्रण गरिएको पाइन्छ । पछिल्लो चरणका उनका कथाहरूमा राजनीतिक आन्दोलन, सत्ता परिवर्तन, राजनीतिक क्षेत्रमा देखापरेका विसङ्गति, विकृति र बेथितिहरूको चित्रण गरिएको पाइन्छ । लामिछाने मार्क्सवादी वैचारिक चिन्तनबाटसमेत प्रभावित प्रगतिवादी कथाकार भएकाले उनका कथामा वर्गीय चेतनाका साथै अन्याय, अत्याचार, शोषण र दमनको विरोधका साथै सुधारवादी चेतना अभिव्यक्त भएको पाइन्छ । युगीन यथार्थताको प्रकटीकरणका दृष्टिले उनका कथाहरू प्रभावकारी छन् ।

सामाजिक यथार्थवादी समकालीन कथाकार कपिल लामिछानेद्वारा लिखित 'भोक युद्ध' (२०५७) कथासङ्ग्रह भित्रका कथाहरू सामाजिक यथार्थमूलक कथानकलाई आत्मसात गरेर लेखिएका छन् । यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूले सामाजिक र राजनीतिक क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिलाई अभिव्यक्त गरेका छन् । यस समयमा सामाजिक यथार्थवादीधारा मनोवैज्ञानिक यथार्थवादीसँगै प्रगतिवादी धारा पनि समानान्तररूपमा अगाडि बढेको देखिन्छ । लामिछानेका कथानक उपकरणको द्वन्द्वात्मक क्रियामा दृष्टिदिँदा तत्कालीन समयमा सामाजिक, राजनीतिक क्षेत्रमा देखिने द्वन्द्वात्मक स्थिति नै द्वन्द्वात्मक क्रिया हो । यसै आधारमा द्वन्द्व महत्त्वपूर्ण उपकरणका रूपमा देखा पर्छ । कथानकको आङ्गीक विकासका क्रममा प्रगतिवादी कथाको मूल्य-मान्यता उपलब्ध कथानकलाई प्रारम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको घटनाक्रम वा शृङ्खलालाई कुशलतापूर्वक संयोजन गरिएको छ । रैखिक कथानक ढाँचामा लेखिएका उनका कथाले समाजका सङ्गतिहीनता असमानता र विभेदहरूप्रति असन्तुष्टि प्रकट गरेका छन् । लामिछानेका कथाहरू वस्तुविन्यासका दृष्टिले भाषिक सरलता, सहजता, व्यवस्थित कथानकप्रकार, सुगठित र सबल देखिन्छन् ।

## ४.५ निष्कर्ष

समकालीन नेपाली कथामा पूर्वस्थापित कथाकारहरूकै बाहुल्यता देखिन्छ र तिनकै नेतृत्वमा विभिन्न प्रवृत्तिहरूका साथ पछिल्लो समयका कथाको वस्तुविन्सयासमा गतिशीलता आएको देखिन्छ भने कतिपय नवपुस्ताका कथाहरूमा पनि सक्रियताका साथ कथा लेखनमा लागेको पाइन्छ । तिनका कथाहरूको अन्तर्वस्तुमा केही नवीनता देखिए पनि परम्परालाई पछ्याउन भने छाडेका छैनन् । समकालीन नेपाली कथाका सामाजिक यथार्थवादी र मनोवैज्ञानिक, यथार्थवादी, समाजवादी यथार्थवादी, नवचेतनावादी र समसामयिक वा उत्तर आधुनिकतावादी बहुलवादी धारा अन्तर्गत लेखिएका काथकारमा कथाहरूको वस्तुविन्यास पक्ष युगसापेक्ष स्वाभाविक सबल र सुगठित देखिन्छ ।

# पाँचौं परिच्छेद
# सारांश, निष्कर्ष र उपादेयता

## ५.१ सारांश

अनुसन्धान स्वयंमा जटिल कार्य हो । त्यसमा पनि समकालीन कथाकार र कथाहरू छुट्याउनु झनै गहन र जटिल कार्य हो । अनुसन्धान कार्य गर्नुको पनि निश्चित उद्देश्य छ । समकालीन नेपाली कथामा वस्तुविन्यास पक्षको अध्ययन अनुसन्धान गर्नु र यसको सैद्धान्तिक चर्चा परिचर्चा गर्नु नै प्रस्तुत अनुसन्धान कार्यको मुल उद्देश्य रहेको छ । लघु अनुसन्धानमा नेपाली कथाको समकालीन स्वरूप पहिल्याउनु, नेपाली कथामा समकालीनताको निर्धारण गर्नु, समकालीन नेपाली कथाको वस्तुविन्यासको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू निर्धारित छन् । प्रस्तुत लघु अनुसन्धानले समकालीन नेपाली कथामा वस्तुविन्यास पक्षलाई केन्द्रविन्दु बनाएको छ ।

समकालीनले वर्तमानलाई जनाउँछ । वर्तमानमा सृजित साहित्य, प्रस्तुत मान्यता समकालीन हुनसक्छन् । सामान्यता यही मान्यताका आधारमा पन्ध्र-बीस वर्षसम्मको अवधिको मापन गरेर २०४६ पछिका आधुनिक नेपाली कथा लेखनलाई समकालीन कथालेखन मान्न सकिन्छ । साहित्य समय र समाज सापेक्ष हुन्छ । इतिहासमा खट्ने राजनीतिक घटनाक्रमले साहित्यलाई कुनै न कुनै रूपमा प्रभावित गरिरहेको हुन्छ । प्रत्येक राजनीतिक घटना र परिवेशको परिवर्तनपछि स्रष्टाको अभिव्यक्तिमा कुनै न कुनै किसिमको परिवर्तन आउँछ । नेपाली कथा साहित्यको इतिहास हेर्दा पनि राजनीतिक घटनाक्रमले यसमा परिवर्तन ल्याएको स्पष्ट देखिन्छ । यस कथा लेखनमा केही सामाजिक यथार्थवादी प्रगतिवादी कथाकारहरुले अन्तर्विकसित नवप्रवृत्तिका साथ कथाहरू लेखेका छन् । आफ्नो कथालेखनको माध्यमबाट आधुनिक कथालेखनलाई नवीनता, समसामयिकता र विस्तार प्रदान गरेका समकालीन कथाकारका प्रतिनिधि कथाहरू वस्तुविन्यासका दृष्टिले उत्कृष्ट रहेका छन् ।

## ५.२ निष्कर्ष

प्रस्तुत 'समकालीन नेपाली कथामा वस्तुविन्यास' शीर्षकको लघुअनुसन्धान कार्य समकालीन विशेष गरी २०४६ सालदेखि वर्तमानसम्म कथाविधाका क्षेत्रका स्थापित भइसकेका

र आफ्नो प्रवृत्ति बनाइसकेका आधुनिक प्रगतिवादी कथाकारहरू र तिनका कथालाई प्रतिनिधिमूलक रूपमा चयन गरिएको छ। २०४६ साल र २०६२/०५३ को राष्ट्रिय राजनीतिक परिवर्तनले नवीनता र गतिशीलता थपेको छ। समकालीन कथाधारामा पुराना र नयाँ गरी बहुसङ्ख्यक कथाकारहरू क्रियाशील देखिएका छन् । यस अवधिमा परिणामको आधिक्य र प्रयोगको गतिशीलता पाइए पनि गुणात्मक मूल्यको प्रयोग र समन्वयका दृष्टिले सीमाहरू पाइन्छन् । मानवता मानव मूल्य र वर्तमान जीवनका विकृति विसङ्गति, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन एवम् सामाजिक, आर्थिक विषमता वर्गीय विभेद जस्ता समकालीन सन्दर्भहरूलाई नवीन संरचना र रूपाधानमा रूपापित गर्न कथाकारहरू सफल देखिन्छन् । समकालीन कथाहरूको वस्तुविन्यास पक्ष कथानकको स्रोत द्वन्द्वविधान कथानकको आङ्गीक विकास, कथा लेखन ढाँचा र कथा प्रकार आदिलाई केन्द्रबिन्दु बनाएर व्याख्या विश्लेषण गर्ने प्रयत्न गरिएको छ । वस्तुविन्यासका क्रममा अधिकांश कथाकारहरूले सैद्धान्तिक पक्षलाई सचेततापूर्वक अङ्गीकार गरेको पाइन्छ। विश्वसाहित्यमा आफ्नै परम्परा र प्रवृत्तिमा परिवर्धित कथामा वस्तु र शिल्पको नवीन र स्वतन्त्र प्रयोग वा सञ्चार हुँदै आएको छ। पश्चिमी साहित्य जगतमा आधुनिक कथा कलाको आविर्भाव भयो र यस परम्पराले विश्वको आधुनिक कथा साहित्यलाई प्रेरित प्रभावित गर्दै बङ्गाली, हिन्दी र नेपाली कथालाईसमेत प्रभावित तुल्यायो । आफ्नै परम्परा र माटोमा उम्रेको नेपाली कथाको पुष्पवाटिकाका रूपमा अहिले सामाजिक यथार्थवादी/प्रगतिवादी समकालीन प्रवृत्ति एवम् नित्यनूतन प्रयोगहरू ग्रहण गर्दै गतिशील बनेको देखिन्छ ।

## ५.३ उपादेयता

अध्ययन अनुसन्धानका क्षेत्रमा विशेष अभिरूची राख्ने ज्ञानपीपाषुहरू एवम् आख्यान साहित्यको अध्ययनार्थीहरूका लागि यस लघुअनुसन्धान कार्यले सहयोग पुऱ्याउने र जिज्ञासु व्यक्तिहरूका लागि यो लघुअनुसन्धान अत्यन्त उपयोगी बनेको छ ।

- यस लघुअनुसन्धानले कथाको समकालीन स्वरूप र समकालीनताको निर्धारणसम्बन्धी कुराको अन्योलता निराकरण गरेको छ ।
- समकालीन नेपाली कथामा वस्तुविन्यास कसरी गरिएको छ भन्ने कुरालाई यस अनुसन्धानले स्पष्ट पारेको छ ।

- समकालीन नेपाली कथाका विविध पक्षहरूका बारेमा जिज्ञासुहरूका मनमा उठेका जिज्ञासा मेटाउने प्रयत्न गरेको छ। ।

# सन्दर्भसूची


अनमोलमणि (२०६८). (सम्पा.) **आजका नेपाली कथा**. काठमाण्डौः बी.एन.पुस्तक संसार ।

उपाध्याय, केशवप्रसाद (२०४६). **पूर्वीय साहित्य सिद्धान्त.** ललितपुर : साझा प्रकाशन ।

............सम्पा. (२०४४). **नेपाली कथाका समकालीन सन्दर्भहरू.** काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०४५). (सम्पा.) **नेपाली कथाका समकालीन सन्दर्भहरू**. काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०५७).**नेपाली कथा भाग-४**. ललितपुरः साझा प्रकाशन ।

खनाल, पेशल (२०६१). **शैक्षिक अनुसन्धान पद्धति.** दो.सं. काठमाण्डौ : साझा प्रकाशन ।

गौतम, अङ्गद (२०३५). **परशु प्रधानको कथाशिल्प**. विराटनगरः वाणी प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५६). **समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू**. प्र.ले.स.द्वारा आयोजित कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

गौतम, ध्रुवचन्द्र (२०४४). **गौतमका प्रतिनिधि कथाहरू**. काठमाण्डौ, साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०४५). **अँध्यारो द्वीपमा (कथासङ्ग्रह).** काठमाण्डौः साझा प्रकाशन ।

गौतम, रामप्रसाद (२०६१). **भाषिक अनुसन्धान विधि.** काठमाण्डौः दीक्षान्त पुस्तक भण्डार, कीर्तिपुर ।

घिमिरे, कृष्णप्रसाद र ज्ञवाली रामप्रसाद (२०५८). **आख्यानकार पारिजात.** काठमाण्डौः हजुरको पुस्तक संसार ।

ढकाल, नारायण (२०५१). **इरफान अली.** काठमाण्डौ : लहर प्रकाशन ।

पराजुली, राजेन्द्र (२०६६). (सम्पा.) **नेपाली राजनीतिक कथाहरू.** काठमाण्डौः पाठ्यसामग्री पसल ।

प्रधान, परशुराम (२०४१). **प्रतिनिधि कथाहरू**. काठमाण्डौ : अग्रवाल प्रकाशन ।

बन्धु, चूडामणि (२०६५). **अनुसन्धान तथा प्रतिवेदन लेखन.** दो.सं. काठमाण्डौ : रत्नपुस्तक भण्डार ।

बराल, डा. ऋषिराज (२०५२). **मार्क्सवाद र उत्तरआधुनिकतावाद**. विराटनगर ।

भट्टराई, घटराज (२०५५). **नेपाली साहित्यको ऐतिहासिक रूपरेखा**. सृष्टि प्रकाशन, काठमाण्डौः ।

मल्ल, विजय (२०२४). **परेवा र कैदी.** काठमाण्डौः साझा प्रकाशन ।

लामिछाने, शङ्कर (२०२५). **गौंथलीको गुँड.** विराटनगरः पुस्तक संसार ।

लुइटेल, लीला (२०६०). (सम्पा.) **नेपाली महिला कथाकार.** काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

................(२०६५). (सम्पा.) **समकालीन नेपाली द्वन्द्वकथा.** काठमाण्डौः पैरवी प्रकाशन ।

विकल, रमेश (२०५२). **बिरानो देशमा**. ललितपुरः साझा प्रकाशन ।

विकल, रमेश (२०५५). **साहित्य बगैंचामा मगमगाउँदो फूल, पारिजात.** पारिजात स्मृति ग्रन्थ ।

शर्मा, मोहनराज (२०५०). **कथाको विकास प्रक्रिया**. साझा प्रकाशनः दो.सं. ।

शर्मा, मोहनराज (२०५६). **समकालीन समालोचनाः सिद्धान्त र प्रयोग**. काठमाण्डौः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज र सुवेदी, राजेन्द्र (२०४१). **समकालीन साझा कथा.** काठमाण्डौ : साझाप्रकाशन ।

सङ्ग्रौला, खगेन्द्र (२०५३). **हस्तक्षेप.** काठमाण्डौ ।

सुवेदी, राजेन्द्र (२०४४). **गौतमका केही प्रतिनिधि कथाहरू**. काठमाण्डौः साझा प्रकाशन ।

"        " (२०५१). **प्रतिभैप्रतिभा र नेपाली साहित्य.** एकता बुक्स डिष्टिव्युटर्स, काठमाण्डौः ।